‘मजदुर’
विज्ञापन शाखा
कमलविनायक, नगांचा, भक्तपुर-१०
फोन नं.: ०१-६६१९१०७
विज्ञापनको लागि
Viber No.: 9744424465
Gmail:
majdurdailybigyapan@gmail.com
मजदुर
The Worker Daily दैनिक

भ.पुजि.प्र.का.द.नं. २६/२०५५/५६
भ.पु.जि.हु.का.द.नं. २/०७०/७१

# मजदुर

The Worker Daily दैनिक

Website : www.onlinemajdoor.com

भक्तपुर बचत तथा ऋण सहकारी संस्था लि.
च्याम्हासिंह, भक्तपुर–९, फोन नं. ६६१४६८६

शिक्षा शिविरसम्बन्धी सूचना

यस संस्थामा तपसिलको मिति, समय र स्थानमा शिक्षा शिविर कार्यक्रम हुने भएकोले यसअघि शिक्षा शिविरमा बस्न छुटेका सदस्य र नयाँ सदस्यता लिन इच्छुक महानुभावहरूमा सहभागिताको लागि हार्दिक अनुरोध गर्दछ ।

शिक्षा शिविर कार्यक्रम
मिति : २०८३/०४/२३ गते, शनिबार
समय : बिहान ७:३० बजे
स्थान : संस्थाको सभाहल

आयोजक
शिक्षा उपसमिति

★ वर्ष : २८ ★ अङ्क : १९६ ★ ने. सं. ११४६ दिला गा, नवमी ★ शुक्रबार ★ २२ साउन, २०८३ ★ August 7, 2026, Friday ★ मूल्य रु. ५।– ★ पृष्ठ ८

## ख्वप अस्पताललाई अरनिको समाज नेपालद्वारा सीएलआइए मेसिन हस्तान्तरण



भक्तपुर, २१ साउन । भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप अस्पताललाई अरनिको समाज नेपालले अत्याधुनिक CLIA (Chemiluminescence Immunoassay Analyzer) मेसिन हस्तान्तरण गरेको छ ।

अस्पतालमा प्रयोगशाला सेवाको गुणस्तर तथा क्षमता अभिवृद्धि गर्ने उद्देश्यले आयोजित कार्यक्रममा उक्त मेसिन ख्वप अस्पताल व्यवस्थापन समिति अध्यक्ष एवम् भक्तपुर नगरपालिकाका नगर प्रमुख सुनिल प्रजापतिलाई हस्तान्तरण गरिएको थियो ।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका सचिव प्रेम सुवालले CLIA मेसिन सहयोगका लागि अरनिको समाजमार्फत चिनियाँ जनतालाई धन्यवाद व्यक्त गर्दै भक्तपुरले शिक्षा, स्वास्थ्य र संस्कृतिका माध्यमबाट देशको सेवा गर्दै आएको बताउनुभयो ।

सचिव सुवालले चिनियाँ मित्रहरूबाट प्राप्त सहयोगलाई ख्वप अस्पतालले जनताको सेवामा सदुपयोग गर्ने विश्वास व्यक्त गर्नुभयो ।

कार्यक्रममा नगर प्रमुख तथा ख्वप अस्पताल व्यवस्थापन समिति अध्यक्ष सुनिल प्रजापतिले ख्वप अस्पतालले हरेक वर्ष आफ्नो सेवा विस्तार गर्दै आएको बताउँदै चीन सरकार तथा चिनियाँ मित्र संस्थाहरू तथा भनपाको भगिनी सम्बन्ध रहेको शाननान नगरपालिकाबाट समय-समयमा प्राप्त सहयोगले अस्पतालको सेवा प्रवाहलाई थप सहज र प्रभावकारी बनाउन सहयोग पुगेको बताउनुभयो ।

उहाँले सहयोगका लागि चीन सरकार, अरनिको समाजप्रति भक्तपुर नगरपालिका र ख्वप अस्पतालको तर्फबाट धन्यवाद व्यक्त गर्नुभयो ।

ख्वप अस्पतालमा उपचारका लागि आउने करिब ८० प्रतिशत बिरामी स्वास्थ्य बीमामा आबद्ध रहेको जानकारी दिँदै स्वास्थ्य बीमाको रकम समयमै भुक्तानी नहुँदा पनि अस्पतालले बिरामीलाई निरन्तर सेवा प्रदान गर्दै आएको बताउनुभयो ।

अरनिको समाज नेपालका महासचिव मनोजमान श्रेष्ठले ख्वप अस्पताल प्रेरणादायी अस्पतालका रूपमा स्थापित भएको उल्लेख गर्दै स्वास्थ्य सेवा चुनौतीपूर्ण क्षेत्र भए पनि अस्पतालले उत्कृष्ट कार्य गरिरहेको बताउनुभयो ।

उहाँले अस्पतालले अझ प्रभावकारी सेवा प्रदान गर्न सकोस् भन्ने उद्देश्यले CLIA मेसिन सहयोग गरिएको र ख्वप अस्पताल भक्तपुरको शान तथा जनविश्वासको केन्द्र बनेको बताउनुभयो ।

अस्पतालका निमित्त मेडिकल डाइरेक्टर डा. मजेशप्रताप मल्लले बिरामीको चाप निरन्तर बढिरहेको र प्रयोगशाला सेवामा चुनौती थपिँदै गएको अवस्थामा CLIA मेसिनले परीक्षण सेवा छिटो, सहज र गुणस्तरीय बनाउन महत्त्वपूर्ण सहयोग पुग्ने बताउनुभयो । उहाँले मेसिन सहयोगका लागि अरनिको समाज नेपालप्रति आभार व्यक्त गर्नुभयो ।

अस्पताल व्यवस्थापक विश्वजित प्रजापतिले ख्वप अस्पतालले प्रदान गरिरहेका स्वास्थ्य सेवा तथा सुविधाबारे प्रस्तुतीकरण गर्नुभएको थियो ।

स्वास्थ्य शाखा प्रमुख रत्नसुन्दर लासिवाले ख्वप अस्पतालले आजभन्दा करिब ३० वर्षअघि अरनिको समाजसँग सहकार्य गर्दै विभिन्न स्वास्थ्य गतिविधि सञ्चालन गरेको स्मरण गर्नुभयो । उहाँले वर्तमान सहयोगले दुई संस्थाबिचको सम्बन्धलाई अझ सुदृढ बनाएको बताउनुभयो ।

CLIA मेसिनबाट हर्मोन, भिटामिन, ट्युमर मार्कर तथा रोग प्रतिरोधात्मकसम्बन्धी विभिन्न परीक्षणहरू छिटो, भरपर्दो र उच्च शुद्धताका साथ गर्न सकिने भएकोले यसले ख्वप अस्पतालको प्रयोगशाला सेवा थप प्रभावकारी बन्ने अपेक्षा गरिएको छ ।

## बर्ड फ्लु, डेङ्गु र सर्पदंशको समस्या : जनजीवन प्रभावित

काठमाडौँ, २१ साउन । वर्षायामसँगै आउने बाढी पहिरो, हुरी बतास र असिनाले हरेक वर्ष अरबौँ खरबौँ रकम बराबरको क्षति हुन्छ । पहिरोले बस्ती बगाउने, बाढीले डुवानमा पर्ने र हुरी बतासले बालीनाली बिगारेको हुन्छ । यसरी बाढीपहिरोबाट कष्टकर जीवन बिताउन बाध्य भइरहेको यो वर्षायाममा सर्पदंशको घटना पनि बढेको छ । गर्मी सुरु भएसँगै सर्पदंशको सङ्ख्या बढेको कारण सर्पदंशविरुद्धको औषधिको अभाव भएको खबर प्रकाशमा आयो । औषधिको अभावले विषालु सर्पले डसेका सयौँ बिरामीको ज्यान जोखिममा परेको बताइएको छ । गएको वैशाखदेखि साउनको दोस्रो हप्तासम्ममा सर्पदंशकै कारण ५२ जनाको मृत्यु भइसकेको छ भने ७१६ जना बिरामी भएका छन् ।

सरकारले ज्वरो, झाडापखाला, रेबिज या अन्य रोगको औषधि जहिले पनि तयारी अवस्थामा राख्नुपर्छ । कहिले सर्पदंशको औषधि एन्टि भेनम त कहिले बहुला कुकुरले टोक्दा रेबिजको सुइ या औषधि त कहिले झाडापखालाको बेला जीवनजलको अभाव हुन्छ । यस्ता हरेक वर्ष आउने रोगको औषधि उपचार गर्न सरकार जहिले पनि तत्पर हुनुपर्छ; रोगको औषधि समयमै उपलब्ध गराएर रोग निको पार्ने अवसर हरेक नागरिकलाई प्रदान गर्नुपर्छ । औषधिको अभाव र समयमा उपचार गर्न नपाउँदा अनाहकमा सर्वसाधारण जनताको ज्यान जान्छ । सर्प, बहुला कुकुर, बिरालो, मुसा, स्याल, जसले टोके पनि सोको औषधि राज्यले तयारी अवस्थामा राखिराख्नुपर्छ । समयमा उपचार गर्न नपाउनाले पनि बिरामीको मृत्यु हुन्छ ।

अहिले ७२ जिल्लामा डेङ्गु फैलिएर दुई हजारभन्दा बढी सङ्क्रमित भएको समाचार स्रोतले जनाएको छ । डेङ्गुको बढी प्रभाव कोसी र गण्डकी प्रदेशमा देखिएको छ । डेङ्गुले गएको वर्ष नेपाली जनजीवनमा नराम्रोसँग प्रभाव पारेको थियो । कोरोनाझैँ यो डेङ्गु रोगले पनि तीन चार वर्षसम्म सर्वसाधारण जनतालाई सताएको थियो । नेपालमा सन् २०२३ मा डेङ्गुले ५१ हजारभन्दा बढी सङ्क्रमित र २० जनाको मृत्यु भएको थियो । सन् २०२२ मा ५४ हजार ७९७ जना सङ्क्रमित र ८८ जनाको ज्यान गएको थियो । त्यस्तै, सन् २०१९ मा १७ हजार ९ सय ९२ जनालाई डेङ्गु पुष्टि भएको थियो भने ६ जनाको मृत्यु भएको थियो । लामखुट्टेबाट सर्ने यो रोगको नियन्त्रणको लागि लामखुट्टेको बासस्थान पहिचान गरी नष्ट गर्ने अभियान सञ्चालन गर्नुपर्छ ।

बाँकी पृष्ठ ८ मा

## डेङ्गु ७२ जिल्लामा फैलियो, सरकार कहाँ छ ?

नेपालमा सन् २०१९ मा करिब १७ हजार ९ सय ९२ जनामा डेङ्गु पुष्टि भएकोमा ६ जनाको मृत्यु भएको थियो । त्यसपछि सन् २०२२ मा ५४ हजार ७९७ जनामा डेङ्गु सङ्क्रमित भयो र ८८ जनाको मृत्यु भयो । सन् २०२३ मा ५१ हजारभन्दा बढीमा डेङ्गु सङ्क्रमण देखियो र २० जनाको मृत्यु भयो । यतिबेला नेपालका ७७ जिल्लामध्ये ७२ जिल्लामा २६ हजार २५ जनामा डेङ्गु सङ्क्रमण पुष्टि भएको र २ जनाको मृत्यु भएको सार्वजनिक भयो । अघिल्ला सरकारले झैं रास्वपा सरकारले पनि ‘खोज र नष्ट गर’ अभियान सञ्चालन गरेको दाबी गर्दै छ । अभियान त औपचारिक पनि हुनेछ । देशभरिकै वडा र टोलहरूमा आवश्यक कार्यक्रम कार्यान्वयन गर्नु जरूरी छ । यतिखेर नेपाली जनताले प्रश्न गर्दै छन् - सरकार कहाँ छ ।

## देशको अवस्थाबारे उब्जिएका प्रश्न

- प्रधानमन्त्री साहले राष्ट्र बैङ्कका गभर्नर विश्वनाथ पौडेलसँग छलफल गर्दा होस् वा निजी क्षेत्रसँग भेटवार्ता गर्दा अर्थमन्त्री स्वर्णिम वाग्ले सहभागी हुँदैनन्, अर्थमन्त्रीले पनि समानान्तर रूपमा छुट्टै बैङ्किङ क्षेत्रका अधिकारी र निजी क्षेत्रसँग छलफल गरिरहेका छन् । यसरी रास्वपाका प्रधानमन्त्री र अर्थमन्त्रीबिच स्वार्थ बाझिएको स्पष्ट हुन्छ । सरकारले सार्वजनिक अर्थतन्त्रलाई जोड नदिएसम्म प्रधानमन्त्री र मन्त्रीहरूबिच स्वार्थ बाझिरहने छ । हिजो नेका, एमाले, माओवादी सरकारको बेला पनि यस्तो अवस्था थियो ।
- एम्नेस्टी इन्टरनेसनल, इन्टरनेसनल कमिसन अफ जुरिस्ट्स (आइसीजे) र ह्युमन राइट्स वाचले गत ८ साउनमा विज्ञप्ति जारी गर्दै सर्वोच्चका तीन न्यायाधीशलाई राजीनामा दिन दबाब दिइएको र नदिए महाभियोग लगाउने भनी रास्वपा सरकारले धम्क्याएको तथा संवैधानिक परिषद्सम्बन्धी अध्यादेश र प्रधानन्यायाधीशमा मनोजकुमार शर्मालाई गरिएको सिफारिसबारे पनि टिप्पणी गरे । नेपालको आन्तरिक मामिलामा साम्राज्यवाद र विस्तारवादको हातखुट्टाको रूपमा रहेका यस्ता विदेशी डलरबाट सञ्चालन हुने संस्थाहरूको हस्तक्षेप नेका, एमाले, माओवादी सरकारको पालामा पनि भएको थियो । अमेरिकी युथ काउन्सिल, टीओबी र बारबरा फाउन्डेसनको जगमा रास्वपा सरकार बनेको हुँदा यतिबेला यस्तो हस्तक्षेप झन् बढेको सार्वजनिक भयो । यो यथार्थबारे नेपाली जनता गत फागुन २१ गतेको निर्वाचनमा सचेत हुनुपर्ने थियो तर नेपाली सेनाको अगाडि सबै त्रसित बने । अहिले यो दुष्परिणाम भोग्नुपर्ने अवस्था भयो ।

बाँकी पृष्ठ ८ मा

## जुम्ला कनकासुन्दरी गापामा समाजवादी प्रचार अभियान

जुम्ला, २१ साउन । बहुमत जनताको सेवा हुने समाजवादी व्यवस्था स्थापनाको लागि नेमकिपाले समाजवादी गणतन्त्र प्रचार अभियान चालू राखेको छ । समाजवाद र पुँजीवादी व्यवस्थाको भेदबारे जानकारी जनतालाई दिन आयोजित सो प्रचार अभियान साउन २० गते कनकासुन्दरी गाउँपालिका वडा नं. ३ स्थित बुदु गाउँमा भयो ।

स्थानीय जनताको उपस्थितिमा भएको सो भेटघाट तथा कोणसभामा नेमकिपाका केन्द्रीय सदस्य डिल्लीप्रसाद काफ्लेले वर्तमान नयाँ सरकारले बहुमत जनता र युवाको हितमा काम गरेको छैन र जेनजी आन्दोलनको मर्म र भावनाअनुसार पनि काम नगरेको स्पष्ट पार्नुभयो ।

उहाँले पुँजीवादको विकल्प समाजवाद रहेको उल्लेख गर्दै साम्राज्यवादी देशहरूले स्वाधीन र सार्वभौम देशहरूमा आक्रमण गरेर धनजनको ठुलो क्षति पुऱ्याइरहेको र बलको अहङ्कार देखाइरहेको बताउनुभयो ।

सभामा नेमकिपा जुम्ला जिल्ला समितिका उपाध्यक्ष एवं कर्णाली प्रदेशका सदस्य विर्षबहादुर रावत, नेमकिपा जिल्ला समिति जुम्लाका सचिव नरबहादुर बुढा, गजेन्द्रबहादुर बुढा, दीपेन्द्र काफ्लेलगायतले वर्तमान सरकारले पनि जनताको हितमा काम गर्न नसकेको बताउनुभयो ।

त्यस्तै साउन १९ गते कनकासुन्दरी वडा नं. ४ स्थित लेखपोर गाउँमा जनतासँग भेटघाट कार्यक्रम भयो ।

उक्त कार्यक्रममा विर्खबहादुर रावत, दीर्घबहादुर शाही, नरबहादुर बुढा, लोकेन्द्र शाही, जयबहादुर बुढालगायतले नेमकिपा शोषितपीडित जनताको पक्षमा सङ्घर्षरत रहेको बारे स्पष्ट पार्नुभयो ।

### व्यङ्ग्यचित्रको कुना






आमाको दूध शिशुको पहिलो खोप, पहिलो पोषण नाराका साथ विश्व स्तनपान सप्ताहको अवसरमा ख्वप अस्पतालमा जनचेतनामूलक प्रदर्शनी हुँदै ।

*तस्बिर : मजदुर दैनिक*

# सुर्खेतमा किसान सङ्घको ५८ औँ स्थापना दिवस सम्पन्न

सुर्खेत, २१ साउन । कर्णाली प्रदेशको राजधानी सुर्खेतमा बुधबार नेपाल क्रान्तिकारी किसान सङ्घको ५८ औँ स्थापना दिवस एक कार्यक्रम गरी मनाइएको छ ।

उक्त कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सल्लाहकार समिति सदस्य नर्मा गुरुङले किसान सङ्घको स्थापनाको उद्देश्य र ऐतिहासिक महत्त्वमाथि प्रकाश पार्नुभयो ।

उहाँले चिनियाँ क्रान्तिमा अध्यक्ष माओ त्सेतुङको माओ विचारधारा र किसानवर्गले खेलेको ऐतिहासिक भूमिकाको चर्चा गर्दै मजदुर-किसानवर्गको राजनीतिमा सङ्गठित कार्यकर्ताहरूको निष्ठा र समर्पणको ठुलो महत्त्व हुने बताउनुभयो ।

उहाँले भन्नुभयो, “व्यवस्था र सरकारहरू परिवर्तन भए पनि किसानका आधारभूत समस्याहरू कहिल्यै समाधान भएनन् । किसान र श्रमजीवीवर्गको वास्तविक मुक्तिका लागि नेपालमा समाजवादी व्यवस्था स्थापना गर्नुको विकल्प छैन; त्यसैले सबै कार्यकर्ताहरू यसै लक्ष्यका लागि क्रियाशील हुनुपर्छ ।”

पार्टीका वैकल्पिक केन्द्रीय सदस्य तुलसी खड्काले किसान सङ्घ स्थापनाको ऐतिहासिक पृष्ठभूमि, नेपालको सामाजिक-आर्थिक धरातलमा किसान आन्दोलनको आवश्यकता र नेपाल मजदुर किसान पार्टीले सञ्चालन गर्दै आएका ऐतिहासिक किसान सङ्घर्षहरूबारे स्पष्ट पार्नुभयो ।

नेमकिपा सुर्खेत जिल्ला समिति अध्यक्ष हरिबहादुर बोहराले जनवर्गीय सङ्गठनहरू पार्टीका हात-खुट्टा सरह भएकाले सधैँ गतिशील हुनुपर्नेमा जोड दिनुभयो ।

नेपाल क्रान्तिकारी किसान सङ्घ सुर्खेतका सचिव देवीराम सिजापतिको सभापतित्वमा भएको उक्त कार्यक्रममा पार्टी जिल्ला समिति उपाध्यक्ष अक्कल राना, पार्टी वीरेन्द्रनगर नगर समितिका संयोजक शेरबहादुर शाही, नेपाल क्रान्तिकारी महिला सङ्घकी केन्द्रीय सदस्य बिजुकला राना, नेपाल क्रान्तिकारी विद्यार्थी सङ्घ सुर्खेतका संयोजक महेन्द्र सिजापति, नेपाल क्रान्तिकारी किसान सङ्घ दैलेखका पूर्वअध्यक्ष तिलक आचार्यलगायतले बोल्नुभएको थियो ।

# कार्की आयोगको प्रतिवेदनको सार सङ्क्षेप – ७८

गण्डकी प्रदेश कास्की जिल्ला

**सरकारी कर्मचारीका प्रतिनिधि**

कर्मचारीहरू आफ्नो कुर्सीमा ढुक्कसँग बसेर काम गर्न सकिरहेका छैनन् । गलत समाचार प्रशारण र प्रकाशन गरी भ्रम फैलाउनेहरूप्रति सरकार कडा रूपमा प्रस्तुत हुनुपर्ने देखिन्छ ।

**नारायण गुरुङ रा.प्र.पा.**

राजनैतिक दलहरूका कारण यो अवस्था आएको हो । भ्रष्ट नेता र कार्यकर्ताका कारण यो अवस्था आएको छ । जनताले पैसा उठाएर प्रहरी र वडा बनाइरहेका छन् ।

**नीता गुरुङ होटेल गुडविल पोखरा**

साँझ ट्रक ल्याएर सामान चोरे । करिब १४ करोडको क्षति भयो । वडा कार्यालयमा क्षतिको उजुरी गरेका छौँ ।

**मालपोत कार्यालय, सुभाष पोखरेल**

प्रशासन भवनको अनुमानित २० करोड क्षति (भवन १० करोड, कम्प्युटर समेत १० करोड) भएको छ । सन् १९८० भन्दा अगाडि देखिका मिसिलहरू सबै ध्वस्त भए ।

**पूर्वमन्त्री यज्ञबहादुर थापा**

आन्दोलन अपहरण तथा घुसपैठद्वारा हिंसक भयो । आयोगले आग्रह र पूर्वाग्रह नराखी काम गरोस् । इतिहासमा कहिल्यै नभएको घटना पोखरामा पनि भएको छ । मेरो घरको आडमा पेट्रोल पम्प र सेनाको ब्यारेक हुँदा पनि सामान्य क्षति भयो । मनोवैज्ञानिक, भौतिक क्षति प्रशस्तै भएको छ । आयोगले तस्बीर मात्र देखेको छ । सतहमा बसेर सिफारिस नगर्नुहोला । पार्टीका तर्फबाट कमीकमजोरी भएको छ, यसलाई सुधार्नुपर्छ ।

**प्र.ना.उ. हरि बस्नेत**

हतियार बचाउनुपर्छ भनी सेनालाई अनुरोध गर्दा पनि आएन, अनि हतियार र खरखजाना, मुद्दाका मिसिलहरू गाडीमा राखियो । आधा हतियार सशस्त्रको कालिका गण र बाँकी नेपाल प्रहरीको गणमा राखियो । थुनुवा ८१ जना पनि छोडेर हिंड्यौँ । बाल सुधार गृहका २ जना भागेबाट ७ नाल पेस्तोल ८ गोली बरामद भयो (२३ गते राति) । एकैचोटि धेरै ठाउँमा तोडफोड आगजनी गरे । सबै रक्सी खाएका मानिस थिए, जेनजी कोही थिएन । प्रहरी बललाई स-साना युनिटमा राख्न हुँदैन भन्ने पाठ सिकायो ।

**२०८२।०७।११ गते रूपन्देही जिल्लामा क्षति भएका संरचनाहरूको स्थलगत निरीक्षणपछि सरोकारवालासँग गरिएको अन्तर क्रियाबाट प्राप्त राय**

**शङ्कर खत्री, रा.प्र.पा.**

भदौ २३ गते शान्तिपूर्ण अवस्था थियो । भदौ २४ गते जेनजीको नाममा भएको आपराधिक कार्यलाई नेपाल प्रहरी, सशस्त्र प्रहरी बल नेपाल र नेपाली सेनाले रोक्ने प्रयास गरेन भन्ने गुनासो छ ।

**महेन्द्र, रा.स्व.पा.**

जेनजीका सही मागको विषयमा भदौ २३ गतेको आन्दोलनमा समर्थन गरेँ । प्रहरीको पोशाक, हतियार कसले लुट्यो ? जेनजीले लुटेको छैन, पहिचान भएको छ छैन ? लुटपाटमा कर्मचारीहरूको संलग्नताको भएको कुरा आएका छन् । जिल्ला प्रहरी कार्यालयले मुद्दा नचलाई छोडेको छ भन्ने गुनासो छ । यसतर्फ ध्यान जावस् ।

# बधाई, शुभकामना तथा मार्गदर्शन कार्यक्रम




भक्तपुर, २१ साउन । द राइजिङ इङलिस सेकेन्डरी स्कूल याछेँद्वारा आयोजित एसईई परीक्षा २०८२ मा उत्तीर्ण छात्र तथा छात्राहरूलाई बधाई, शुभकामना तथा मार्गदर्शन कार्यक्रम आइतबार सम्पन्न भयो ।

विद्यालय व्यवस्थापन समितिका सदस्य एवं भक्तपुर नगरपालिका वडा नं. ६ का वडा अध्यक्ष हरिराम सुवालको प्रमुख आतिथ्यमा भएको उक्त कार्यक्रममा उहाँले भक्तपुर नगरपालिकाभित्रका विद्यार्थीहरू कोही पनि आर्थिक अभावका कारण शिक्षाबाट वञ्चित हुन नपरोस् भन्ने उद्देश्यले भक्तपुर नगरपालिकाले छात्रवृत्ति र सहुलियत ब्याजदरमा शैक्षिक कर्जा दिँदै आएको बताउनुभयो ।

उहाँले उच्च शिक्षाको लागि सोचविचार गरेर विषय छान्नुपर्ने बताउनुभयो । भक्तपुर नगरपालिका कार्यपालिका सदस्य एवं विद्यालय व्यवस्थापन समितिका सदस्य रोशनमैँया सुवालले उत्तीर्ण विद्यार्थीलाई बधाई एवं उच्च शिक्षाको लागि मार्गदर्शन गर्नुभयो ।

विद्यालयका संस्थापक निर्देशक कपिल बनेपालीले विद्यार्थीले सुन्दर भविष्यको लागि अपनाउनुपर्ने मार्गका बारेमा प्रकाश पार्नुभयो ।

विद्यालयका प्रधानाध्यापक चण्डिका कायस्थको सभापतित्वमा भएको उक्त कार्यक्रममा अभिभावक-शिक्षक सङ्घका अध्यक्ष किशोर सुवाल, शिक्षकद्वय इन्द्र फोजु र मन्दिर प्रजापतिले पनि बोल्नुभएको थियो ।

# चालू आवदेखि लागु हुने तलबमान सार्वजनिक

काठमाडौँ,२१ साउन । अर्थ मन्त्रालयले चालु आर्थिक वर्ष २०८३/८४ को यही साउनदेखि लागु हुने तलबमान सार्वजनिक गरेको छ । यही साउन ६ गते बसेको मन्त्रिपरिषद् बैठकले नयाँ तलबमान, ग्रेड, प्राविधिक ग्रेड र प्रोत्साहन भत्तासम्बन्धी निर्णय गरेको थियो ।

गत जेठ १५ गते बजेटमार्फत सरकारले १० प्रतिशत तलबमान वृद्धि गर्ने र १० प्रतिशत प्रोत्साहन भत्ता दिने घोषणा गरेको थियो । मन्त्रालयले बुधबार सरकारी निकायलाई गरेको पत्राचारमा नयाँ तलबमानको विषयमा जानकारी गराएको हो ।

निजामती कर्मचारी, नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल नेपाल, स्वास्थ्य सेवा, संसद् सेवा, सामुदायिक विद्यालयमा कार्यरत शिक्षक र प्रदेश तथा स्थानीय तहमा कार्यरत कर्मचारीले (निवृत्तभरण प्रयोजन)का लागि अनुसूची एकदेखि आठसम्मको नयाँ तलबमान एवं एक दिनको तलब बराबरको ग्रेड रकम र वृद्धिपछि कायम हुने तलबमानको १० प्रतिशत मासिक प्रोत्साहन भत्ताबापतको रकम पाउने छन् ।

सो अनुसार मुख्य सचिवको सुरुको तलबमान ८४ हजार ९३२, राजपत्राङ्कित विशिष्ट श्रेणीको रु. ७९ हजार २९०, अतिरिक्त सचिव (पेन्सन प्रयोजन)का लागि रु. ६६ हजार ५३९ तोकेको छ । त्यसैगरी राजपत्राङ्कित प्रथमको लागि रु. ६२ हजार ४६६ तोकिएको छ । त्यस्तैगरी राजपत्राङ्कित द्वितीयको रु. ५३ हजार ६११, राजपत्राङ्कित तृतीयको रु. ४८ हजार ५८ तलबमान तोकिएको छ ।

त्यसैगरी राजपत्र अनङ्कित प्रथम अतिरिक्त मान पेन्सनको लागि ४१ हजार ५१७, राजपत्र अनङ्कित प्रथम ३८ हजार २०३, राजपत्र अनङ्कित द्वितीय अतिरिक्त मान पेन्सन ३७ हजार ४०७, राजपत्र अनङ्कित द्वितीय ३६ हजार १९२, राजपत्र अनङ्कित तृतीयको लागि ३० हजार ३७३ र राजपत्र अनङ्कित चतुर्थको लागि २८ हजार ६९० तोकिएको छ । ***(रासस)***

# हराएका तीन युवक सकुशल

गण्डकी, २१ साउन । मर्दी हिमाल पदयात्राबाट फर्कने क्रममा कास्कीको माछापुछ्रे गाउँपालिका-९ बादलडाँडा नजिकको जङ्गलबाट सम्पर्कविहीन तीन युवकलाई सकुशल फेला पारिएको छ ।

पोखरा महानगरपालिका-१४ खसीबजारका अजित जिसी, युकेश गुरुङ र करण लामा बिहीबार बिहान अन्नपूर्ण गाउँपालिका-११ छुमरुङवेशीमा भेटिएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ । कार्यालयका प्रहरी नायब उपरीक्षक वीरेन्द्रकुमार पासवानले भन्नुभयो,“तीनै जना युवक सकुशल भेटिनुभएको छ, उद्धार भइरहेको छ ।”

बुधबार बिहान ८:०० बजेदेखि उहाँहरूको मोबाइल बन्द भएपछि घरपरिवारले खोजीका लागि प्रहरीसमक्ष अनुरोध गर्नुभएको थियो ।

जङ्गलमा बाटो बिराएर अलपत्र परेपछि उहाँहरूको खोजीमा नेपाली सेना, सशत्र प्रहरी बल, जनपद प्रहरी परिचालन गरिएको थियो ।

उहाँहरूलाई मोदी खोलाको पारिपट्टि छुमरुङवेशीमा भेटिएको घान्द्रुक प्रहरी चौकीका प्रहरी नायब निरीक्षक राजेन्द्र पौडेलले जानकारी दिनुभयो । ***(रासस)***

# यातायात कार्यालयद्वारा ५७ करोड १५ लाख राजस्व सङ्कलन

जनकपुरधाम, २१ साउन । आर्थिक वर्ष २०८२/८३ मा रु. ५७ करोड १५ लाखभन्दा बढी राजस्व जम्मा भएको छ ।

यातायात व्यवस्था कार्यालय जनकपुरधाम धनुषाले सेवाग्राहीबाट गत आर्थिक वर्षमा उक्त राजस्व सङ्कलन गरेको हो । नयाँ सवारी दर्ता, नवीकरण तथा सवारी चालक अनुमतिपत्र वितरण लगायतबाट आव २०८२/८३ मा सो कार्यालयले रु. ५७ करोड १५ लाख ३० हजार ६३६ राजस्व सङ्कलन गरेको कार्यालय प्रमुख वासुदेव मल्लले राससलाई बताउनुभयो ।

उहाँले उक्त राजस्व अघिल्लो आर्थिक वर्ष २०८१/८२ को तुलनामा रु. नौ करोड ५४ लाख १३ हजार ३४४ कम सङ्कलन भएको जानकारी दिनुभयो ।

सो कार्यालयले अघिल्लो आर्थिक वर्ष २०८१/८२ मा विभिन्न शीर्षकमा रु. ६६ करोड ६९ लाख ४३ हजार ९८० राजस्व सङ्कलन गरेको थियो ।

गत भदौ २३ र २४ गतेको ‘जेनजी’ आन्दोलन, आर्थिक वर्षको अन्तिम महिनामा यातायात व्यवस्था विभागले सफ्टवेयर निर्माणका क्रममा ढिलाइ भएको कारण राजस्व सङ्कलनमा कमी आएको बताइन्छ ।

कार्यालय प्रमुख मल्लका अनुसार आव २०८२/८३ मा मोटरसाइकल १६ हजार ९५७ वटा, बस/ट्रक १८७ वटा, टेम्पो/विद्युतीय रिक्सा एक हजार ९०२ वटा, ट्र्याक्टर एक हजार २२ वटा, जिप/कार २२६ वटालगायत गरी २१ हजार २९४ वटा नयाँ सवारी दर्ता भएको छ । यस अवधिमा नयाँ र वर्ग थप गरी १३ हजार ३३८ जनालाई सवारीचालक अनुमतिपत्र वितरण गरिएको थियो । ***(रासस)***

# नीति तथा कार्यक्रम तर्जुमा गर्दै त्रिवि

काठमाडौँ, २१ साउन । त्रिभुवन विश्वविद्यालयले अनलाइन प्रणालीमार्फत विश्वविद्यालयका सेवा प्रवाहलाई थप प्रभावकारी, सहज र पारदर्शी बनाउने गरी नीति तथा कार्यक्रम तर्जुमा गर्ने भएको छ ।

विश्वविद्यालयको योजना परिषद्को स्थायी समितिको बिहीबार बैठकमा चालु आर्थिक वर्ष २०८३/०८४ का लागि योजना परिषद्को पूर्ण बैठकमार्फत विश्वविद्यालयसभामा प्रस्तुत गरिने नीति तथा कार्यक्रमबारे विस्तृत छलफल गरिएको हो ।

बैठकमा विश्वविद्यालयका उपकुलपति तथा योजना परिषद्का अध्यक्ष प्रा.डा. भोला थापाले विश्वविद्यालयको शैक्षिक, प्रशासनिक तथा अनुसन्धान क्षेत्रको समग्र गुणस्तर अभिवृद्धि गर्ने विषयलाई प्राथमिकतामा राख्नुपर्नेमा जोड दिनुभयो । उहाँले बैठकमा योजना निर्देशनालयका निर्देशक तथा योजना परिषद्का सदस्य-सचिव डा. लक्ष्मीकान्त शर्माले आगामी नीति तथा कार्यक्रममा समावेश गरिएका प्रमुख विषयवस्तु तथा प्राथमिकताबारे विस्तृत जानकारी गराउनुभएको थियो ।

बैठकमा सहभागी सदस्यहरूले नीति तथा कार्यक्रमलाई समयानुकूल, गुणस्तरीय र प्रविधिमैत्री बनाउने विषयमा आ-आफ्ना सुझाव प्रस्तुत गरेका थिए । छलफलमा उठेका सुझावलाई समेटेर योजना परिषद्को पूर्ण बैठकमार्फत आगामी त्रिभुवन विश्वविद्यालय सभामा नीति तथा कार्यक्रम पेस गरिने जनाइएको छ । *(रासस)*



**लाइनमा राखिएको खाली सिलिन्डर**
वीरेन्द्रनगर नगरपालिका-६ सुर्खेतस्थित भेरी ग्यास डिलर अगाडि बिहीबार लाइनमा राखिएको खाली सिलिन्डर । मागअनुसार ग्यासको आपूर्ति हुन नसकेपछि उपभोक्ताले दैनिक सास्ती भोग्दै आएका छन् । *तस्बिर: शुरबहादुर सिंह/रासस*

# भूमि प्रशासनका फारम सरल बनाइँदै

काठमाडौँ, २१ साउन । भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले देशभरका भूमि प्रशासन कार्यालयहरूमा प्रयोग हुने सेवासम्बन्धी लिखित फारमलाई सरल र सहज बनाउन समिति गठन गरेको छ ।

मन्त्रालयले भूमि अभिलेख व्यवस्थापन विभागका जग्गा प्रशासन शाखा प्रमुख खिमानन्द आचार्यको संयोजकत्वमा पाँच सदस्यीय समिति गठन गरेको हो ।

समितिलाई हाल प्रयोगमा रहेका लिखित फारमको अध्ययन गरी सेवाग्राहीले सहज रूपमा बुझ्न र आफैँ भर्न सक्ने गरी सरलीकरण गर्ने जिम्मेवारी दिइएको मन्त्रालयले जनाएको छ ।

गठित समितिले फारम सरलीकरणसम्बन्धी प्रतिवेदन १५ दिनभित्र मन्त्रालयमा पेस गर्नुपर्नेछ । मन्त्रालयका अनुसार भूमि प्रशासन कार्यालयमा सेवा लिन आउने सेवाग्राहीले अरूको सहयोग लिनुपर्ने बाध्यता अन्त्य गर्दै स्वयम् आफैँले लिखित फारम भर्न सक्ने उद्देश्यले समिति गठन गरिएको हो ।

समितिबाट उक्त प्रतिवेदन प्राप्त भएपछि सरलीकृत लिखित फारमहरू कार्यान्वयनमा ल्याइने मन्त्रालयले जनाएको छ । लिखत तथा अन्य कागजात सरल नहुँदा सेवाग्राही मर्कामा पर्ने गरेका छन् । सो अवस्थाको अन्त्यका लागि आवश्यक पहल गरिएको मन्त्रालयले स्पष्ट पारेको छ । *(रासस)*

# उपत्यकाको यातायात संरचनामा दीर्घकालीन परिवर्तन ल्याउने गुरुयोजना

काठमाडौँ, २१ साउन । काठमाडौँ उपत्यकाको यातायात संरचनामा दीर्घकालीन रूपमा परिवर्तन ल्याउने गरी गुरुयोजना तर्जुमा गरिएको छ ।

उपत्यकाको सार्वजनिक यातायात प्रणालीलाई सुरक्षित, व्यवस्थित र दिगो बनाउन तयार गरिएको नयाँ यातायात गुरुयोजनाले दीर्घकालीन रूपमा यातायात संरचनामा सुधार ल्याउने सरोकारवालाको भनाइ छ ।

'जीवन्त र सांस्कृतिक काठमाडौँ उपत्यकाका लागि दिगो, सुरक्षित र समावेशी यातायात गुरुयोजना' सार्वजनिक कार्यक्रममा राष्ट्रिय योजना आयोगका सदस्य अर्जुनजङ्ग थापाले उपत्यकाको पूर्व-पश्चिम तथा उत्तर-दक्षिण यातायात सञ्जाललाई सुदृढ बनाउने संरचनामा विशेष ध्यान दिनुपर्ने बताउनुभयो ।

"काठमाडौँको पूर्व र पश्चिम क्षेत्रलाई प्रभावकारी रूपमा जोड्ने संरचना निर्माणमा विशेष ध्यान दिनुपर्छ", उहाँले भन्नुभयो, "विशेषगरी उत्तर-पूर्वी खण्डबाट पूर्व र पश्चिमलाई जोड्ने वैकल्पिक मार्ग तथा प्रमुख चोकको पुन:संरचनाले भविष्यमा यातायात व्यवस्थापनलाई सहज बनाउन सक्छ ।"

सदस्य थापाले काठमाडौँ उपत्यकाको पूर्व-पश्चिम सम्पर्कलाई थप प्रभावकारी बनाउन नयाँ पूर्वाधार विकास आवश्यक रहेको धारणा राख्नुभयो । उहाँले बढ्दो सहरीकरण र सवारी चापलाई मध्यनजर गर्दै दीर्घकालीन सोचका साथ पूर्वाधार विकास गर्नुपर्नेमा जोड दिनुभयो ।

"यो गुरुयोजना कार्यान्वयनमा आएपछि उपत्यकामा अहिले देखिएको यातायात, ट्राफिक र सडक सम्बन्धी समस्या सम्बोधन हुनेछ," उहाँले भन्नुभयो ।

पूर्वाधार विकास मन्त्रालयका सहसचिव सुशीलबाबु ढकालले गुरुयोजनाले सहरी यातायात सुधारका लागि पूर्वाधार विकास र सार्वजनिक यातायात सुधारका कार्यक्रमलाई स्पष्ट रूपमा प्राथमिकता दिएको जानकारी दिनुभयो ।

उहाँका अनुसार योजनामा अल्पकालीन, मध्यकालीन र दीर्घकालीन गरी २२ वटा पूर्वाधारसम्बन्धी कार्यक्रम तथा सार्वजनिक यातायात सुधारका १३ वटा कार्यक्रम प्रस्ताव गरिएको छ ।

उहाँले गुरुयोजनाको पूर्ण कार्यान्वयनबाट सन् २०५० सम्म काठमाडौँ उपत्यकाको यातायात प्रणालीलाई थप व्यवस्थित, सुरक्षित र दिगो बनाउने लक्ष्य लिइएको बताउनुभयो ।

चक्रपथमा मास ट्रान्जिट प्रणाली, रत्नपार्कदेखि भक्तपुरसम्म उच्च क्षमतायुक्त सार्वजनिक यातायात सेवा, पूर्व-पश्चिम जोडमार्गको विस्तार तथा आवश्यक स्थानमा नयाँ मास ट्रान्जिट विकल्पसमेत योजनामा समेटिएको उहाँले जानकारी दिनुभयो ।

हालको सार्वजनिक यातायात प्रणालीलाई यात्रुमैत्री बनाउन संरचनागत सुधार अपरिहार्य रहेको उल्लेख गर्दै सहसचिव ढकालले यातायात सञ्चालनलाई कम्पनी मोडलमा रूपान्तरण, रुट व्यवस्थापन तथा संस्थागत सुधारलाई पनि गुरुयोजनाले प्राथमिकतामा राखेको बताउनुभयो ।

उहाँका अनुसार विष्णुमती, धोबीखोला र ग्वार्कोमा नयाँ पुल, टमेल, केएमसी दरबार, एलएमसी दरबारमा कार पार्किङ, साइक्लिङ पथ, ट्राफिक सेफ्टी, सडक चोक स्तरोन्नति, आपत्कालीन सडक सञ्जालको विकास र चक्रपथ सडकबाहिर पार्किङ सुविधाजस्ता विषय गुरुयोजनामा समावेश गरेको छ ।

गुरुयोजनामा महाराजगञ्ज र चाबहिल-गौशाला भूमिगत मार्ग, चाबहिल-वाग्मती र त्रिपुरेश्वर-माइतीघरमा आकासे पुल, विष्णुमतीमा नदी तटीय मार्ग, सातदोबाटो-गोदावरी जोड्ने नयाँ कर्मनाशा पुल, चौडा चक्रपथ, थापाथली-त्रिपुरेश्वर क्षेत्रमा पुल निर्माण र वाग्मती नदी किनार कोरिडोरको स्तरोन्नति तथा बौद्धमार्ग सडक चोक सुधार योजनालाई समावेश छ ।

गुरुयोजनाले उपत्यकाका मुख्य जाम हुने क्षेत्रमा अन्डरपास, भूमिगत सुरुङ, आकासे सडक र ठूला बसको एकीकृत सञ्चालनमार्फत ट्राफिक समस्याको दीर्घकालीन समाधान गर्ने लक्ष्य राखेको छ ।

जापान अन्तर्राष्ट्रिय सहयोग नियोग (जाइका)को प्राविधिक टोलीले तीव्र सहरीकरण, बढ्दो सवारीसाधनको चाप र बढ्दो लगानीलाई प्रभावकारी रूपमा व्यवस्थापन गर्न दीर्घकालीन र समग्र यातायात योजना अपरिहार्य रहेकोमा जोड दिएको छ ।

पूर्वाधार विकास मन्त्रालयको संयोजकत्वमा तयार गरिएको उक्त गुरुयोजनाले एकीकृत, दक्ष, सुरक्षित तथा वातावरणमैत्री सहरी यातायात प्रणालीको विकासका लागि दीर्घकालीन रणनीतिक मार्गदर्शन प्रदान गरेको छ ।

योजनाले दिगो सहरी विकासलाई प्रवर्द्धन गर्दै आधुनिक, भरपर्दो र सबै नागरिकको पहुँचमा पुग्ने सार्वजनिक यातायात प्रणाली निर्माण गर्ने लक्ष्य लिएको छ । *(रासस)*

# गुह्येश्वरीमा दैनिक तीन करोड २४ लाख लिटर ढल प्रशोधन

काठमाडौँ, २१ साउन । काठमाडौँको गुह्येश्वरीमा निर्माण गरिएको गुह्येश्वरी ढल प्रशोधन केन्द्रले हाल दैनिक तीन करोड २४ लाख लिटर ढल प्रशोधन गर्न थालेको छ ।

आयोजना कार्यान्वयन निर्देशनालय (पिआइडी) द्वारा निर्माण गरिएको उक्त ढल प्रशोधन केन्द्रले हाल दैनिक रूपमा तीन करोड २४ लाख लिटर ढल प्रशोधन गरिरहेको पिआइडीका प्रमुख एवम् इन्जिनियर रामकुमार श्रेष्ठले जानकारी दिनुभयो ।

उहाँका अनुसार काठमाडौँ उपत्यकाका विभिन्न स्थानमा ढल प्रशोधन केन्द्र निर्माणको काम अघि बढिरहेको छ । पिआइडीले सल्लाघारी, कोड्कु, धोबीघाट, गोकर्ण र हनुमानघाटमा समेत ढल प्रशोधन केन्द्र निर्माण गरिरहेको छ । ती केन्द्रको निर्माण शीघ्र सम्पन्न हुने जनाइएको छ ।

पिआइडी प्रमुख एवम् इन्जिनियर श्रेष्ठले काठमाडौँ उपत्यकाका नदी तथा वातावरणलाई स्वच्छ राख्न थप ढल प्रशोधन केन्द्र निर्माण गर्न आवश्यक रहेको बताउनुभयो ।

उहाँले भन्नुभयो, "उपत्यकाका विभिन्न ठाउँमा ढल प्रशोधन केन्द्र निर्माणाधीन अवस्थामा छन् । काठमाडौँका नदी र वातावरण सफा राख्न अझै थप यस्ता ढल प्रशोधन केन्द्र निर्माण गर्नु पर्दछ ।"

प्रशोधन केन्द्रको क्षमता प्रभावकारी रूपमा उपयोग गर्न ढलको पानी र बर्सातको पानीका लागि छुट्टाछुट्टै पाइप प्रणाली आवश्यक रहेको उहाँको भनाइ छ । यसका लागि स्थानीय तहसँग समेत प्रभावकारी समन्वय र आवश्यक नीति कार्यान्वयन गर्नुपर्ने उहाँले बताउनुभयो ।

उहाँका अनुसार पानीको चाप बढ्ने, बाटोमा भएका बालुवा, इँटा, मरेका जनावर लगायतका फोहोर प्रशोधन केन्द्रमा पुगी त्यसको क्षमता घटाइदिने गरेको छ ।

# बीपी कोइराला क्यान्सर अस्पतालमा 'बोनम्यारो' प्रत्यारोपणको तयारी

**- नारायण अधिकारी**

चितवन, २१ साउन । यहाँस्थित बिपी कोइराला मेमोरियल क्यान्सर अस्पतालले 'बोनम्यारो' (रक्तमासी) प्रत्यारोपणका लागि आवश्यक भौतिक एवं चिकित्सकीय तयारी थालेको छ । यसका लागि नेपाल सरकारसंगको सहकार्यमा चीन सरकारले भवन निर्माण, उपकरण खरिद र चिकित्सक, नर्सलाई तालिम दिने गरी यो परियोजना अघि बढाएको हो ।

चिकित्सकका अनुसार शरीरको फ्ल्याट हड्डीभित्र हुने बोनम्यारोमा रातो रक्त कोष (आरबिसी), सेतो रक्त कोष ( डब्लुबिसी) र प्लेटलेट्स बन्ने गर्छ । बोनम्यारोको रोग विशेषगरी दुई तरिकाले लाग्छ । एप्लास्टिक एनिमिया र रक्त क्यान्सर वा बोनम्यारो क्यान्सर। यी दुवै रोगले बोनम्यारोको नियमित काममा बाधा ल्याइदिन्छ र बोनम्यारोमा बन्नुपर्ने आरबिसी, डब्लुबिसी र प्लेटलेट्स बन्न पाउँदैन । यस्तो अवस्थामा बोनम्यारो प्रत्यारोपण गर्नुपर्ने हुन्छ । बोनम्यारो प्रत्यारोपणमा शरीरको कुनै अङ्ग नै झिक्ने, चिरफार गर्ने हुँदैन । यो भनेको सुइबाट रगत झिक्ने वा बोनम्यारो झिक्ने र सुइबाटै राख्ने विधि हो ।

अस्पतालका निमित्त कार्यकारी निर्देशक डा. उमेश नेपालले चिनियाँ टोली केही दिनअघि दुई साता यहाँ बसेर 'बोनम्यारो' प्रत्यारोपण सेवा सञ्चालनका लागि आवश्यक पूर्वाधारका विषयमा छलफल गरेको जानकारी दिनुभयो । टोलीले भरतपुर महानगरपालिका, सहरी विकास तथा भवन निर्माण आयोजना, नेपाल विद्युत् प्राधिकरण भरतपुर वितरण केन्द्रका प्राविधिकसहित बसेर सुझाव समेत लिएको थियो ।

उहाँका अनुसार यसका लागि नेपाल सरकारसँग पुन: सम्झौता पश्चातआवश्यक काम अघि बढ्ने छ । अस्पतालको अन्तरङ्ग भवनको अगाडि तीन तलाको भवन बनाइने छ । निमित्त कार्यकारी निर्देशक नेपालका अनुसार सन् २०२६ मा नै काम सुरु गर्ने चिनियाँ टोलीको तयारी छ ।

चिनियाँ सरकारले यो परियोजना सम्पन्न गर्न करिब ३७ मिलियन चिनिया रकम खर्च गर्दै छ । अस्पतालका निवर्तमान कार्यकारी निर्देशक डा. शिवजी पौडेलका अनुसार 'बोनम्यारो' प्रत्यारोपण सेवा सञ्चालनका लागि भवन निर्माण, उपकरण खरिद र जनशक्तिलाई तालिमसमेत चीन सरकारले व्यवस्थापन गर्ने छ । यसअघि नेपाल सरकार र चीनको चिनियाँ अन्तर्राष्ट्रिय विकास सहयोग संस्था (चाइना इन्टरनेसनल डेभलेपमेन्ट को-अपरेसन ऐजेन्सी) काबिच सम्झौता भइसकेको छ ।

बोनम्यारो युनिट पाँच शय्याको हुनेछ । उहाँका अनुसार सुरुमा पुरानो भवनमा युनिट सञ्चालन गर्ने तयारी गरिएको भए पनि यो सम्भव नहुने भएपछि नयाँ भवन बनाउन लागिएको हो । भवन बनाउने ठाउँको माटो परीक्षणलगायतका काम यसअघि नै सम्पन्न भइसकेका छन् ।

बोनम्यारो युनिटमा काम गर्नका लागि हाल अस्पतालका तीन जना चिकित्सक र नर्स चीनमा तालिम लिइरहेका छन् । निवर्तमान कार्यकारी निर्देशक डा. पौडेलले भन्नुभयो "'बोनम्यारो' प्रत्यारोपणका लागि यसअघि नै तीन स्वास्थ्यकर्मी जनाले छ महिनाको र पाँच जनाले दुई हप्ताको तालिम लिएर फर्किएका छन् । "त्यहाँ काम गर्ने जनशक्तिलाई चीन सरकारले नै तर्फबाट थप आवश्यक तालिम दिइदै छ । उनीहरूले निर्माण थालेको एक वर्ष छ महिनामा काम सम्पन्न गर्ने तयारी गरेको जनाइएको छ ।

यो स्तरको अत्याधुनिक बोनम्यारो प्रत्यारोपण युनिट नेपालमा पहिलो हुने डा. पौडेलको दावी छ । अहिले बोनम्यारो प्रत्यारोपण गर्नुपर्ने बिरामी विदेश जान बाध्य छन् । यहाँ यो सेवा सुरु भएसँगै कम खर्चमा बिरामीहरूले उच्चस्तरको सेवा पाउने उहाँ बताउनुहुन्छ ।

विसं २०५१ मा चीन सरकारको सहयोगमा क्यान्सर अस्पताल निर्माण गरिएको थियो । त्यसयता यहाँ निरन्तर चिनियाँ चिकित्सकले समेत बिरामीको उपचार गरिरहेका छन् । यहाँ नेपालसहित भारतका बिरामीसमेत उपचार गर्न आउने गर्दछ । *(रासस)*

**मोटरसाइकल हराएको सूचना**

मिति २०८३/०४/१० का दिन काठमाडौंस्थित कीर्तिपुर वडा नं. १० बाट मेरो नाममा दर्ता रहेको मोटरसाइकल राति अनुमानित १२ बजेदेखि बिहान ४ बजेसम्ममा चोरी भएको हुँदा खोजतलास गर्दा पनि फेला पर्न सकेको छैन । उक्त मोटरसाइकल कसैले फेला पारेमा वा कुनै जानकारी भएमा तल उल्लेखित देहायको मो.नं. वा नजिकैको प्रहरी कार्यालयमा जानकारी गराइदिनुहुन अनुरोध गर्दछु ।

**नाम:** जयबहादुर शाही
**स्थायी ठेगाना:** जुम्ला, हिमा गा.पा.-१
**सम्पर्क नं.:** ९८६८३९६७०२

**मोटरसाइकलसम्बन्धी विवरण**
**बाइक नं.:** कर्णाली प्र.०२-००३ प ५५३२
**कम्पनीको नाम:** BAJAJ
**मोडल नं.:** Pulsar 220 F (ABS)
**इन्जिन नं.:** DKXCTK19375
**च्यासिस नं.:** MD2A13EX0TCK81108
**सवारी रङ्ग:** Black Cherry Red

। सम्पादकीय ।

# लगानी बोर्ड नेपालको हितमा छैन

गत भदौ २३ गते निहत्था जनताको हत्या र भदौ २४ गते देशभरि आगजनीका विध्वंस भएपछि भदौ २७ गते राष्ट्रपति रामचन्द्र पौडेलले संविधानविपरीत पूर्वप्रधानन्यायाधीशको नेतृत्वमा अन्तरिम सरकार गठन, सो सरकारको सिफारिसमा प्रतिनिधिसभा विघटन र गएको फागुन २१ गतेको लागि निर्वाचन घोषणा गरे। छिमेकी मित्र देश चीनको तिब्बतलाई टुक्र्याउन ६५ वर्षभन्दा अघिदेखि लागिपरेका अमेरिकी साम्राज्यवादको डलर सहयोगमा भारत आश्रयमा बसेका दलाई लामासमेतले सुशीला कार्की नेतृत्वको अन्तरिम सरकारलाई बधाई पठाए। यो भन्दा अगाडि दलाई लामाले नेपालका सरकारहरूलाई बधाई पठाएका थिएनन्। नेपालमा चीनविरोधी सरकार आउनु शुभ सङ्केत होइन।

दलाई लामाले पूर्वजानकारी नगराई अन्तरिम सरकारको बधाई कसरी पठाउँछन्? निर्वाचनमा नेपाली सेनासमेतको सहयोग भएपछि रास्वपा बहुमत पुग्यो र बालेन साह प्रधानमन्त्री भए। बालेन सरकारले काठमाडौँ स्वयम्भूस्थित एउटा विद्यालयमा युरोप र अमेरिकी कूटनीतिक नियोगका प्रतिनिधिसहितको उपस्थितिमा दलाई लामाको एकानब्बेऔँ जन्म दिन मनाउन दियो। बालेन सरकारले भदौ ७ देखि १३ गतेसम्म काठमाडौँमा ३९ देशका तिब्बत विभाजनकारीहरूलाई बोलाएर तिब्बतसम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलन गर्ने तयारी गरायो। रास्वपाले नेपाली भूमि चीनविरूद्ध प्रयोग किन गरायो?

मित्र देश चीनले अरनिको राजमार्ग, पृथ्वी राजमार्ग, काठमाडौँको चक्रपथ, अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र, बानेश्वर, अरनिको सभागृह, भक्तपुर र हरिसिद्धि इँटा कारखाना, भृकुटी कागज कारखाना, लुम्बिनी चिनी उद्योग, बाँसबारी छालाजुत्ता कारखाना, गोरखकाली रबर उद्योग, सिभिल अस्पताल, दैलेखको पेट्रोलियम पदार्थ अन्वेषणलगायतमा नेपाली जनतालाई सहयोग गरेको रास्वपा सरकारलाई कसरी थाहा भएन? चीनको विरोधपछि तिब्बतसम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलन रोकिएको सार्वजनिक भयो। रास्वपाको सरकारको कूटनीतिमा यस्तो केटाकेटीपन किन? बालेन रास्वपामा पस्नुअघि रवि र स्वर्णिमले भारतीय दूतसँग काठमाडौँको होटलमा 'प्रधानमन्त्री बनाइदिनु, देश भारतको अङ्गजस्तै बनाउन तयार भएको' बताएको के यतिबेला साँचो हुँदै छ?

रवि लामिछाने अमेरिकी नागरिक बनेर फर्किएका हुन् भने बालेनले भारतमा इन्जिनियरिङ स्नातकोत्तर पढेको बताइन्छ। स्वर्णिमले एडीबी, विश्व बैङ्कमा पनि जागिर खाए। रास्वपा सरकारले विदेशी पुँजी लगानी गराउने लगानी बोर्डको कार्यकारी निर्देशकमा अमेरिका र बेलायतमा अर्थशास्त्र विषय अध्ययन गरी संयुक्त राष्ट्र सङ्घीय विकास कार्यक्रममा जागिर खाएका याङकी उक्यावलाई नियुक्ति गऱ्यो। विदेशी पुँजी लगानी र विदेशी ऋणसँगै देश नवउपनिवेश हुने विषय उक्यावलाई कति जानकारी होला? विदेशी पुँजी लगानी गर्ने कम्पनीलाई नेपालको जल, जमिन, जङ्गल पचासौँ वर्षको लागि उपभोग गराउने लगानी बोर्डको कानुनी व्यवस्था देशको हितमा नभएको उक्यावलाई कति थाहा होला? वास्तवमा लगानी बोर्ड नेपालको हितमा छैन।

विदेश पढेका अर्थमन्त्रीहरूले मित्र देशहरूको सहयोगमा प्राप्त उद्योगधन्दा सञ्चालन गर्न सकेनन् बरू कमिसनको लोभमा परेर एक एक गरी केही व्यक्तिको हितमा बेचविखन गरे। यो काम नेका, एमाले, माओवादी सरकारका अर्थमन्त्रीहरूले गरेका थिए। यतिबेला रास्वपा सरकारका प्रधानमन्त्री र अर्थमन्त्री यही पदचिह्नमा हिँडिरहेका त होइनन्?

# प्यालेस्टिनी जनताका बारेमा किन बोल्नुपर्छ?

✍ योगेन्द्रमान बिजुक्छेँ

*भर्खरै वर्ल्डकप हुँदा अर्जेन्टिना, स्पेनलगायत आफूलाई मनपर्ने धेरै देशका ठुला झन्डा टोलै ढाक्ने गरी झुण्ड्याइयो। तर, ती देशहरूका राजनीति र विदेश नीतिका बारेमा कुरा गर्दा किन झस्किन्छ र नाक खुम्च्याइन्छ?*

अन्यायमा परेका व्यक्ति, समूह, समुदाय वा देश जहाँसुकैका होस् तिनीहरूका बारेमा कसैले बोल्नु वा सहानुभूति व्यक्त गरिदिनु वा उनीहरूका पक्षमा ऐक्यबद्धता जनाइदिन सडकमै प्रदर्शन गर्नु संसारमा चल्ने सामान्य मानवीय प्रचलन हो। यस्तो कामका लागि कुनै राजनीतिक विचार वा सिद्धान्तले प्रेरित हुनुपर्छ भन्ने होइन। कुनै पनि विचार मिल्ने समूह (Like-minded People) ले पनि गर्ने गर्छ। विश्वमा यस्ता अन्यायका घटनाहरू हुँदा होस् या अन्तर्राष्ट्रिय




मञ्चमा महाशक्तिहरूको तानातानी हुँदा होस्, नेपाली र नेपालले तटस्थ नबसी आफ्नो कुरा राख्दै आएको देखिन्छ। तर, गाजा, प्यालेस्टिन र 'अरु देशको बारे हामी नेपाल र नेपालीले किन बोल्नुपऱ्यो?' भन्ने भाष्यलाई एक जमातले सामाजिक सञ्जालमार्फत स्थापित गर्न खोजेको देखिन्छ। यसमा युवाहरू मात्र होइन बुद्धिजीवी र आफूलाई पण्डित ठान्नेहरूसमेत अग्रपङ्क्तिमा देखिन्छन्। अल्पज्ञानले भनिएको वा अन्य कुनै कारणले, यो खोजिनीतिकै विषय हो।

हामी कुरा गर्ने बेलामा ग्लोबल वर्ल्ड, ग्लोबल भिलेज, खुला बजार, खुला समाज, सिङ्गो संसारको कुरा गर्न रुचाउँछौँ। विदेशको खाना, शिक्षा, पहिरन, सिनेमा, रहनसहनका बारेमा चर्चा गर्न र त्यहाँ घुमफिर गर्न रुचाउँछौँ, त्यहाँको संस्कृति, सङ्गीत र नाचको प्रशंसा गर्छौँ। त्यहाँको भूगोलको बारेमा कुरा गर्न मनपराउँछौँ। भर्खरै वर्ल्डकप हुँदा अर्जेन्टिना, स्पेनलगायत आफूलाई मनपर्ने धेरै देशका ठुलठुला झन्डा टोलै ढाक्ने गरी झुन्ड्याइयो। तर, ती देशका जनता, राजनीति र विदेश नीतिका बारेमा कुरा गर्दा किन झस्किन्छ र नाक खुम्च्याइन्छ?

विद्यालय र कलेजमा समाज विज्ञान वा सामाजिक शिक्षाअन्तर्गत नेपालको बारेमा मात्र होइन, भूगोल, इतिहास, राजनीति, अर्थशास्त्रसमेत पढाइएको हुन्छ। साहित्यमा नेपालको साहित्य र साहित्यकारबाहेक विश्व साहित्यसमेतको पढाइ हुन्छ। सेक्सपियर, बाइरोन र किट्स (बेलायती), एन्टोन चेखोभ, गोर्की र दोस्तोभोस्की (रुसी), ह्युगो, अल्बर्ट कामु (फ्रान्सिसी), टैगोर (भारत), लु सुन (चीन) र अरु धेरै देशका शास्त्रीय र आधुनिक कवि र साहित्यकारका बारेमा पढ्छौँ। ती कृतिले उक्त देशको समाजको चित्रण मात्र गरेका हुँदैनन्। बरु, आदर्श समाजको परिकल्पनासमेत पाठकलाई पस्किरहेको हुन्छ। अनि, हामी हाम्रो समाज, छिमेकीको समाज र सात समुद्रपारिको समाजलाई तुलना गरेर कुरा बुझ्न लालायित हुन्छौँ। यसरी विश्व साहित्यले पनि संसारलाई एउटा डोरीले उनेको हुन्छ।

राजनीतिशास्त्र, कानुन, कूटनीति, अन्तर्राष्ट्रिय सम्बन्ध तथा दर्शनशास्त्रका विद्यार्थीले संसारलाई तुलना गरेरै अध्ययन गर्नुपर्ने हुन्छ। कूटनीतिज्ञले दुई देशको सम्बन्धलाई सन्तुलनमा राख्न यी विषयहरू अध्ययन गर्नुपर्छ। साहित्य, राजनीति, कूटनीति वा अन्तर्राष्ट्रिय सम्बन्धबाहेक कहिलेकाहीँ कुनै दुई देशबिच 'मानवियता' र 'भाइचारा' सबभन्दा बलियो पक्ष भएर उभिएको देखिन्छ। यहाँ आर्थिक वा राजनीतिक सम्बन्ध गौण हुन्छ। इटालीले सन् १९३१ मा अफ्रिकी देश एब्सिनिया (हालको इथोपिया) लाई हमला गर्दा नेपालका मानवतावादी जय पृथ्वीबहादुर सिंह गरिब इथोपियाली जनतालाई मद्दत गर्न राहत सामग्री र विषालु ग्यासबाट बच्न मास्क लिएर त्यहाँ पुगेका थिए।

सन् १९५१ मा नेपाल राणा शासनबाट स्वतन्त्र भएपछि भारत, चीन, रुस, अमेरिका, बेलायतलगायतले विकासका पूर्वाधार तथा शिक्षा, स्वास्थ्य क्षेत्रमा धेरै मद्दत गरे। रुसले विशेष गरी इन्जिनियर र चिकित्सा विज्ञानको क्षेत्रमा हजारौँ हजार नेपाली विद्यार्थीलाई छात्रवृत्तिमा रुसमै पढाएर मद्दत गरे। नेपालमा ४६ सालको बहुदलीय प्रजातन्त्रको पुनःस्थापनाको लागि पनि धेरै विदेशबाट नैतिक समर्थन प्राप्त भएको थियो। सन् १९६१ मा नेपालबाट संयुक्त राष्ट्रसङ्घका लागि पहिलो राजदूत ऋषिकेश शाह थिए। तात्कालीन महासचिव ड्यागहेमरसोल्डको विमान दुर्घनामा भएको मृत्युको जाँचबुझ आयोगको संयोजक उनी नै थिए। तात्कालीन सोभियत सङ्घ र संयुक्त राज्य अमेरिकाबिच संयुक्त राष्ट्रसङ्घको बैठकमा वाक्युद्ध हुँदा सोभियत सङ्घका राष्ट्रपति निकिता खुश्चेभले टेबलमा जुत्ता बजार्दा नेपालका शाहले प्रजातान्त्रिक व्यवस्थामा विश्वास गर्ने महाशक्तिहरूलाई यस्तो व्यवहार नसुहाउने भन्दै आपत्ति जनाएका थिए।

**भक्तपुरका बारेमा भन्नुपर्दा पञ्चायत कालमै पनि विदेशी थिचोमिचो र साम्राज्यवादीहरूको हैकम र साना देशहरूमाथि अन्यायपूर्ण युद्धको विरोधमा भक्तपुरका जनताले आवाज उठाएका थिए। यस्तो वास्तविकतालाई नबुझी हामीले विदेशका बारेमा बोल्नुहुँदैन भन्ने गलत भाष्य निर्माण गर्दा थिचोमिचो गर्नेको पक्षमा वकालत गरेको ठहरिन्छ, जुन आफैमा अपराध हो।**

यसरी आजभन्दा ६५ वर्ष पहिले नै आर्थिक, राजनीतिक र कूटनैटिक हिसाबले विश्व मञ्चमा सम्बन्ध गाँसिसकेको देश आज संसारका घटनासँग कसरी बेखबर र तटस्थ रहन सक्छ? आजका युवा पिँढी विश्व जगत्सँग अझ नजिक छन्। तर, उनीहरू नै अर्का देशका बारेमा हामीले किन बोल्नुपर्यो भनी कराउँछन्। यो विरोधाभाषले युवा पुस्ता आफैमा अन्तर्राष्ट्रिय कानुन, स्वतन्त्र र सार्वभौमिकताका सिद्धान्त र कूटनीति अनि इतिहासको चेतको कमी भएको प्रस्ट्याउँछ। राणाकालमा नेपालीले अरु देशका बारेमा होइन आफ्नै देशका बारेमा बोल्ने अधिकार पाएका थिएनन्। आज 'अरु देशका बारेमा बोल्नुहुँदैन' भन्ने भाष्य निर्माण गर्न खोज्नु अल्पज्ञानको परिणाम मात्र हो वा कुनै पर्दा पछाडिका शक्तिको सेवा गर्न खोजेको हो? यो थप अध्ययनको विषय हुनसक्छ।

भक्तपुरका बारेमा भन्नुपर्दा पञ्चायत कालमै पनि विदेशी थिचोमिचो र साम्राज्यवादीहरूको हैकम र साना देशहरूमाथि अन्यायपूर्ण युद्धको विरोधमा भक्तपुरका जनताले आवाज उठाएका थिए। यस्तो वास्तविकतालाई नबुझी हामीले विदेशका बारेमा बोल्नुहुँदैन भन्ने गलत भाष्य निर्माण गर्दा थिचोमिचो गर्नेको पक्षमा वकालत गरेको ठहरिन्छ, जुन आफैमा अपराध हो। हामीले अरुलाई पर्दा बोलेनौँ भने हामीलाई पर्ने बेलामा पनि अरुले बोल्ने छैन।

त्यसैले, भक्तपुरका जनताले महिनौँसम्म देशभरमा प्यालेस्टिनी जनताको पक्षमा प्रदर्शनहरू गरे। आज संसारभरका ठुलठुला सहर तथा विश्वविद्यालयहरूमा लाखौँ लाख जनता प्यालेस्टिनी जनतामाथि इजरायल सरकारको क्रूर, बर्बर आक्रमण र हत्या विरुद्ध प्रदर्शनहरू गर्दैछन्। तर, नेपालका कति कम्युनिस्ट भन्ने पार्टीहरू या अन्य बुद्धिजीवीहरू लाजै नमानी मौन साधिरहेका छन्। भर्खरै सकिएको वर्ल्डकपको फाइनल खेलमा स्पेनका प्रधानमन्त्री पेड्रो सान्चेजले खुलेरै प्यालेस्टिनी जनताको पक्ष, समर्थन तथा अमेरिकी राष्ट्रपति ट्रम्पको विरोध गरेका कारण विश्वका जनता उनको पक्षमा उभिए र आखिरमा स्पेनको पक्षमा जनमत उर्लियो र जीत पनि स्पेनको भयो।

# भू-दासहरूको पहिलो बाली

● अन्ना लुइस स्ट्रङ

*(पश्चिमी सञ्चारमाध्यमहरूमा तिब्बतसम्बन्धी विषयलाई निकै गलत ढङ्गले प्रचार हुँदै आएको छ । 'चीनले स्वतन्त्र तिब्बतमाथि कब्जा जमाएको', 'चिनियाँ जनमुक्ति सेनाले तिब्बतीहरूमाथि दुर्व्यवहार गरेको', 'तिब्बती जनताका नेता दलाइ लामालाई पदच्युत गरेको' जस्ता समाचार उनीहरू प्रचार गर्छन् । के साँच्चै 'स्वतन्त्र' तिब्बतमाथि चीनले कब्जा जमाएको हो ? तिब्बती स्वर्गलाई जनमुक्ति सेनाले नर्क बनाएको हो ? जनताको शासनविरुद्ध असफल विद्रोह गरेर दलाइ लामा भागेका हुन् कि उनलाई पदच्युत गरिएको हो ? आदि प्रश्नका विस्तृत उत्तर प्रसिद्ध अमेरिकी महिला पत्रकार अन्ना लुइस स्ट्रङको पुस्तक 'When Serfs Stood Up in Tibet' मा पाउन सकिन्छ । यो पुस्तक सन् १९६० मा प्रकाशित भएको हो ।)*

सेप्टेम्बर महिनाको पहिलो हप्ता पूर्वी उपनगरको दक्षिणी भागको ६० एकड भएको जौको बाली काट्ने घोषणा भयो । लोका (Loka) र टाकुन (Takun) क्षेत्रमा पहिले नै बाली काटिसकेको थियो तर ल्हासा क्षेत्रको लागि यो पहिलो बाली थियो । प्रतिनिधिहरूको समूहका अन्य सदस्यहरू यसको समाचार लेख्न गए भने म ल्हासाको बाली काट्ने ठाउँमा हेर्न गएँ । त्यो ठाउँ उत्तरतिर र उचाइमा पर्दथ्यो ।

खेत बाटोभन्दा केही पर थियो, ठुलठुला घाँसहरू भएको बाँझो फाँट पार गरेर जानुपर्थ्यो । खस्रो जमिन सूर्यको ताप, ठाउँ-ठाउँमा बगेको पानीका भेलहरू तर्दै जाँदा म खेतमा काम गर्ने ती किसानहरूभन्दा पनि बढी थाकेकी थिएँ । ठुलो खेतमा सयभन्दा बढी मानिसहरू बाली काटिरहेका थिए । तिनीहरू काम गर्दै गीत गाइरहेका थिए ।

मैले सुरुमा देखेको खेत अव्यवस्थित देखिन्थ्यो । जौका बिरुवाहरू एक दुई वटामात्र देखिन्थे भन्ने जौको बोटलाई झ्याम्मै जङ्गली घाँसले ढाकेको थियो । त्यो खेत २५ वटा साइवा परिवारहरूको थियो र त्यहाँ सयभन्दा बढी बाली काट्दै थिए । बाली काट्नेहरू साइवाहरूबाहेक तिनीहरूलाई सहयोग गर्न आएका दुई वटा बसोबास समिति र जनमुक्ति सेना पनि भएको मेरा पथप्रदर्शकले बताए । मेरो नजिकै नर्बु (Norbu) नामका एकजना साइवा आएर मलाई त्यस खेतका बारेमा बताए । सन्तोषपूर्वक तिनले त्यस खेतमा आशा गरेभन्दा बढी जौ फलेको एक के (Ke) बीउबाट ११ के (Ke) (माना-पाथीजस्तै तिब्बेतेली नाम) अन्न फलेको बताए । त्यो असल खेत थिएन । 'हामी २५ घरका साइवाहरूले आफ्नो खानाको निम्ति यस खेतबाट अन्न पाउँछौँ । मालिकको खेतमा काम गर्दागर्दै हामीले आफ्नो खेतमा यी जङ्गली घाँसहरू उखेल्ने, गोडमेल गर्ने समय नै पाउँदैनौँ, यस खेतमा न मल हालिएको छ न त सिँचाइ, न राम्रो गोडमेल नै भएको छ । यसमा एक के (Ke) बीउबाट कहिल्यै ५ के (Ke) भन्दा बढी अन्न फल्दैनथ्यो । यो वर्ष विद्रोहीहरू लखेटिएपछि मात्रै हामीले यहाँ जौ छरेका हौँ । विद्रोहीहरूले हाम्रो सबै अन्न लिएकाले हामीसँग सरकारले ऋण नदिएसम्म बीउ पनि थिएन । हामीलाई यसको बाली हाम्रो हुन्छ भन्ने थाहा थियो । त्यसैले दुईपल्ट मल हाल्यौँ र तीनपल्ट गोडमेल गऱ्यौँ, त्यसैले त एक के (Ke) बीउको ११ के (Ke) अन्न पाएका छौँ,' नर्बुले मालिकका लागि तिनीहरूले राम्रो अन्न फल्ने खेतमा बाली लगाएको पनि बताए ।

तिमी त्यो अन्न के गर्छौ भन्ने मेरो प्रश्नमा नर्बुले केही बीउको लागि राख्ने, केही बेचेर बच्चाहरूका लागि लुगा किन्ने र बाँकी जाम्बा (Tsamba) भन्ने मुख्य खानाको लागि पिस्ने बताए ।

नोर्बुको मुहारमा खुसी छाउनुको कारण बताउँदै उनले भने, "विगतमा तिनको परिवारले कहिल्यै राम्ररी खान पाएको थिएन र फाटेको लुगामात्र लाउन पाएको थियो, त्यो वर्ष तिनीहरूले धेरै जाम्बा र तरकारी पाउने भए । पहिला हामीले तरकारी रोपे पनि कहिल्यै तरकारी खान पाउँदैनथ्यौँ । यो वर्ष सरकारले बिनाब्याजको बीउ ऋण दियो । त्यो पनि विद्रोहीहरूले सबै अन्न लिएको र बीउ छर्ने समय पनि आएको अप्ठ्यारो बेलामा ऋण दिएको छ । विनाझन्झट खेतमा बीउ छरियो र अहिले बाली काट्ने बेलामा पनि मालिकको खेतमा पहिला नगरी काट्न हुने कुनै पनि खेतमा पहिला काट्न पाइयो । खुसीको कुरा के छ भने यति धेरै साथीहरू हामीलाई मद्दत गर्न आए । अझ बढी त हामीले स्वतन्त्रता पायौँ । काम रोकेर साथीहरूसित कुराकानी गर्न सकिने भयो । पहिला कसैले मुख धोएको र कपाल कोरेको वा नुहाएको देख्यो भने वा सफा र चिटिक्क परेको देख्यो भने माहां वा नाइकेले काम चोर भनेर बोलाउँथ्यो र काम दिन्थ्यो । अर्को बाली योभन्दा राम्रो हुने आशा गरेका छौँ ।"

लोका र टाकुनमा बाली अझ राम्रो भएको समाचार पुगेको थियो । ती ठाउँहरू ल्हासाको पश्चिम र टाकुन सुदूर पूर्वमा पर्दथ्यो । लोकामा ८३,००० एकड जमिन खेती गरिएको थियो भने टाकुनमा ३३,००० एकड जग्गामा खेती गरिएको थियो । ती जग्गालाई 'तिब्बतको अन्नको भण्डार' भनेर चिनिन्थ्यो । 'लोका' को अर्थ 'हिमालभन्दा दक्षिण' हो । त्यो भारतको सिमानामा पर्दथ्यो । राम्रो माटो र हावापानी भएको लोकाबाट नै तिब्बतीहरूको उत्पत्ति भएको बताइयो । सम्भवत: पृथ्वीमा मानव जातिको उत्पत्ति पनि यहीबाट भएको हुनुपर्छ । तिब्बतका प्रथम उल्लेखनीय राजा स्रङ्चन गम्पोले ताङ वंशका राजकुमारी वेन चेङसित बिहे गरेका थिए । त्यहाँको राजधानी ल्हासामा सर्नुअघि राजा त्सेताङ (Tsetang) मा बस्थे ।

ल्हासाका धेरैजसो खान्दानीहरू स्रङ्चङ्ग गम्पोजस्तै लोकाबाट पुगेका थिए । तिनीहरूले लोकामा दस हजार भूदास राखेका थिए । वास्तविक ठुला विद्रोहीहरू यहीँका थिए । विद्रोही नेता सुर्कोङ (Surkong) को लोकामा ६ वटा जमिनदारी थियो । खेमेईका पनि लोकामा जमिनदारी थियो । विद्रोहीहरूले लोकामा आधार शिविर खडा गरेका थिए । त्यहाँ तिनीहरूले विदेशी हातहतियारको निम्ति गोलीगठाहरू बनाउने तथा खम्पाहरूको लागि शिविर बनाएका थिए । ल्हासामा विद्रोहलाई दबाएपछि तिनीहरूले लोकालाई 'दोस्रो राजधानी' बनाए तथा लामो समयसम्म तिब्बतभरि नै गुरिल्ला युद्ध चलाउने योजना बनाएका थिए । लोकालाई अन्नको स्रोत तथा यसको भारतसित जोडिएको सिमानाका कारण विद्रोहीहरूले प्रयोग गरेका थिए ।

लोकाका किसानहरूलाई विद्रोहीहरूले धेरै निर्मम व्यवहार गरेको हुँदा तिनीहरू जनमुक्ति सेनालाई मद्दत गर्न विशेष रूपले हौसिए । सैनिक गतिविधिले भन्दा जनमुक्ति सेनाले आयोजना गरेको राजनैतिक सभाले विद्रोहीहरूलाई आत्मसमर्पण गराउन धेरै मद्दत गऱ्यो । यसरी लोकामा विद्रोहलाई समाप्त पारियो । बीउ छर्न ढिलो भइसकेको हुनाले जनमुक्ति सेनाले विद्रोहीहरूले लुटेको अन्नका बीउहरू किसानहरूलाई बाँडे, जनमुक्ति सेनाले बाली छर्न घोडा र मानिसहरू पठाएर मद्दत गरे । पहिलोपल्ट जमिन जोत्नेलाई वितरण गरियो । यी सबै सहयोगी कार्यहरूले गर्दा लोकामा सुधार कार्य छिट्टै नै सुरु भयो ।



जनमुक्ति सेनाका जवान बाली भित्र्याउन सघाउँदै

पत्रकार प्रतिनिधिहरूको हाम्रो समूहले सेप्टेम्बरको पहिलो हप्तामा लोका भ्रमण गर्दा व्यवहारिक रूपमै 'तीन कुराको उन्मूलन' (Three Abolitions Drive) भइसकेको थियो । लोकाका विद्रोहीहरू पक्राउमा परे, केहीलाई कारागारमा हालियो, अरुलाई किसानहरूसितको 'सङ्घर्ष बैठकबाट' तिनीहरूको पहिलेको घरमा भूदासहरूको निगरानीमा बसाइयो । सामन्ती ऋण मिनाहा गरियो, सोह्र हजार घरमा काम गर्न नानसाम भूदासहरूलाई स्वतन्त्र गरियो । दासप्रथाको उन्मूलनमात्र गरिएन, बसोबास र खानाको व्यवस्था पनि गरियो । धेरै ठाउँमा भूमिको वितरण सुरु गरियो । लोकाबाट सुरु भएको जग्गा वितरण तिब्बतभरि भइरहेको थियो ।

भूतपूर्व भूदासहरूलाई तिनीहरूले जोतेकै जग्गा दिइयो । मोहीजस्ता साइबाहरूलाई तिनीहरूले काम गर्दै आएकै जग्गा दिइयो । घरेलु भूदास नानसामहरूलाई तिनीहरूका मालिकको खेत दिइयो । नामसामहरूसँग वितरणमा दिइएको जग्गाबाहेक अरु पशु वा सामग्रीहरू थिएन । तिनीहरूको परिवार पनि मोही साइबाको भन्दा सानो थियो ।

जमिनदारहरू, तिनीहरूका प्रतिनिधिहरू तथा विद्रोहीका नातेदारहरू कोहीले काम गर्न चाहेमा तिनीहरूलाई पनि जग्गा दिइयो । विद्रोहीहरूसित भागेकाहरूलाई पनि फर्केमा जग्गा दिनको लागि छुट्याइयो । त्यस्तै लामा बन्नका लागि छाडेर गएकाहरू पनि फर्केर आएमा जग्गा दिनको लागि छुट्याइयो । त्यसका अतिरिक्त जग्गामा किसान सङ्घले काम गर्थ्यो र साझा गाउँको आवश्यकता पूर्ति गर्न प्रयोग गरिन्थ्यो । प्रत्येक परिवारलाई कति जग्गा दिने हो भन्ने कुराको निर्णय गाउँलेहरूबिचको छलफलबाट निश्चित गरियो ।

हरेक परिवारलाई जग्गाको स्वामित्व दिएपछि तिनीहरूको उत्साह धेरै बढ्यो । तीन हप्ताअघि मात्र जग्गा वितरण गरेको क्षेत्रमा हाम्रा प्रतिनिधिहरू भ्रमणमा जाँदा आपसी सहयोग समितिहरू गठन तथा मल सङ्कलन कार्य भइसकेको थियो ।

सेताङ (Tsetang) नजिकको एउटा क्षेत्रमा जग्गा वितरण हुन लागिरहेको थियो । हाम्रा केही प्रतिनिधिहरू त्यहाँ पुगे । किसान सङ्घका वर्तमान सदस्यहरूले तिनीहरूलाई विभिन्न परिवारलाई वितरण गर्नुपर्ने जग्गाको नामावली देखाए ।

किसान नेताले बताएअनुसार सो नामावली विभिन्न तहमा किसानहरूसँग छलफल गरेर तयार गरिएको थियो । पहिला किसान समितिको स्थायी समितिले प्रारम्भिक मस्यौदा तयार पारेको थियो । त्यसपछि समग्र सङ्गठनले त्यसमा छलफल चलायो र विभिन्न क्षेत्रका किसानहरूको छुट्टाछुट्टै बैठकहरू राखियो, त्यसपछि स्थायी समितिले आएका सुझावहरूलाई ध्यानमा राखी मस्यौदालाई पुनर्लेखन गऱ्यो र अन्तमा किसान सङ्गठनले छलफल तथा पारित गऱ्यो । सो छलफल तीन हप्ता निरन्तर चल्यो ।

प्रतिनिधिहरूले खेतमा समितिले जग्गा नापिरहेको देखे । त्यसपछि अध्यक्षले 'यो जग्गा फलानो परिवारलाई र यो फलानो परिवारलाई' भन्दै घोषणा गरे । नयाँ जग्गाधनीले आफूले पाएको जग्गामा आफ्नो नाम भएको नामको चिह्न लगाए । अरुहरूले तिनीहरूलाई बधाई दिए । त्यस चक्ला खेतमा करिब ४० परिवारलाई जग्गा वितरण गरियो । बाँकीलाई भोलि अर्कोतिरको खेत वितरण गरिने बताइयो ।

लोकामा पहिलो जग्गा वितरण सेप्टेम्बरमा भएको थियो र समग्र तिब्बतमै पहिलो जग्गा वितरण अगस्त ६ र ७ मा खेर्मइको बिर्ताको वितरण भएको थियो । झण्डै एक महिनापछि हाम्रा प्रतिनिधिहरूले त्यहाँ भ्रमण गर्दा उलेख्य सुधारहरू देखे । १,५५१ केस (Kes) ( २६० एकड) खेतीयोग्य जग्गा र ८० परिवारका ३९३ जना मानिसहरू बस्ने त्यस सानो जमिनदारीमा झण्डै आधा परिवार २९ साइबाहरू र केही मोहियानी नभएका भूदास डुइचुनहरूका लागि ढुङ्गाको छाप्रो र खेती गर्न सानो टुक्रा जग्गा दिइएको थियो । अरु आधामा १० घरेलु दास नानसाम परिवारहरू तथा धेरैजसो डुइचुनहरूका न स्थायी घरहरू थिए न जग्गा न त पशुहरू नै थिए ।

"हामी गधाहरू राखिएको ठाउँ हेर्न गयौँ", प्रतिनिधिहरूले भने । हामीले २० नानसाम परिवारहरू खुला ढुङ्गाबाट बनेको छाप्रोमा छानोमुनि केही भित्ताहरू भएको तर पूरा नभएको ठाउँमा बस्ने गरेको देख्यौँ ।

हिजोका घरेलु दासी २१ वर्षीय त्सेवाङ चुचि ( Tsewang Chuchi) किसान सङ्गठनका अध्यक्ष भइन् । तिनीले हाम्रा प्रतिनिधिहरूलाई तिनको जीवनगाथा बताइन् ।

***स्रोत : तिब्बतका भू-दासहरू उठ्दा***



ल्हासा नजिक पहिलो बाली भित्र्याइँदै




अफ्रिकी देश केन्याको राजधानी नैरोबी केन्याली प्रहरीले कब्जा गरिएका वा मारिएका आफ्ना आफन्तहरूको रिहाइ वा स्थिति स्पष्ट पार्न माग गर्दै प्रहरी मुख्यालयतिर अघि बढेको पीडितका आफन्त र मानव अधिकारवादीहरूको जुलुस अगस्ट ६, २०२६ को दिन ।

*तस्बिर : सिमोन माइना/एएफपी*

# हिरोसिमाबाट आणविक हतियारविरुद्ध चेतावनी

टोकियो, ६ अगस्ट (एपी) । जापानको हिरोसिमा सहरले अमेरिकी आणविक बम आक्रमणको ८१ औँ स्मृति दिवस मनाउँदै विश्व समुदायलाई आणविक हतियारको खतराबारे पुन: सचेत गराएको छ । यस अवसरमा हिरोसिमाका मेयर काजुमी मात्सुईले प्रमुख शक्तिहरूबिच बढ्दो सैन्य प्रतिस्पर्धा र आणविक प्रतिरोधको अवधारणाप्रति तीव्र चिन्ता व्यक्त गर्दै आणविक हतियारलाई सुरक्षा र प्रतिरोधको माध्यमका रूपमा प्रस्तुत गर्ने प्रवृत्तिले विश्वलाई फेरि हिरोसिमा वा नागासाकीजस्तै त्रासदीतर्फ धकेल्न सक्ने चेतावनी दिनुभएको छ ।

हिरोसिमा शान्ति स्मारक पार्कमा आयोजित समारोहमा करिब ५० हजार मानिसको सहभागिता रहेको थियो । संयुक्त राज्य अमेरिका, इरानलगायत करिब १२० देश तथा क्षेत्रका प्रतिनिधिहरू पनि कार्यक्रममा उपस्थित थिए । सन् १९४५ मा अमेरिकी बी-२९ बमवर्षक विमानले हिरोसिमामाथि आणविक बम खसालेको समय बिहान ८:१५ बजे एक मिनेट मौनधारण गरिएको थियो भने शान्तिको प्रतीकस्वरूप घण्टी बजाइएको थियो ।

समारोहमा प्रस्तुत शान्ति घोषणामा मेयर मात्सुईले विश्वका केही राजनीतिक नेतृत्वले अझै पनि आणविक प्रतिरोधलाई यथार्थवादी सुरक्षा अवधारणाका रूपमा स्वीकार गरिरहेको उल्लेख गर्दै यस्तो सोचले हिंसालाई वैधानिकता प्रदान गर्ने र आणविक हतियारविहीन विश्वको लक्ष्यलाई थप टाढा धकेल्ने बताउनुभयो । उहाँले विगतका पीडादायी अनुभवबाट शिक्षा लिन र शान्ति स्थापनाका लागि सक्रिय भूमिका निर्वाह गर्न विश्व नागरिकहरूलाई आह्वान गर्नुभयो ।

प्रधानमन्त्री साने ताकाइचीले प्रधानमन्त्री बनेपछि पहिलोपटक उक्त स्मृति समारोहमा सहभागिता जनाउँदै संयुक्त राष्ट्रसङ्घको आणविक अप्रसार सन्धिको ढाँचाभित्र रहेर आणविक हतियारको प्रयोग कहिल्यै नहुने विश्व निर्माणका लागि जापानले 'यथार्थवादी दृष्टिकोण' अपनाउने बताउनुभयो । उहाँले जापानले युद्धपछिका तीन गैर-आणविक सिद्धान्त कायम राखेको उल्लेख गर्नुभयो । यद्यपि, भविष्यमा ती नीतिहरूको स्वरूपबारे देशभित्र बहस जारी रहेको छ ।

ताकाइची नेतृत्वको सरकारले यस वर्षको अन्त्यतिर नयाँ सुरक्षा तथा रक्षा रणनीति दस्तावेज तयार गर्ने तयारी गरिरहेका बेला जापानका परम्परागत गैर-आणविक सिद्धान्तहरूबारे पुनर्विचार हुन सक्ने अड्कलबाजी पनि बढेको छ । विशेषगरी देशभित्र आणविक हतियार ल्याउन अनुमति नदिने तेस्रो सिद्धान्तबारे समीक्षा हुन सक्ने चर्चा चलिरहेको छ ।

यता, हिरोसिमा र नागासाकीका जीवित बाँचेकाहरूले विश्वभर पुन: बढ्दो आणविक प्रतिरोधको बहसप्रति चिन्ता व्यक्त गरेका छन् । जापान अमेरिकी आणविक सुरक्षा छातामुनि रहेको र सुरक्षा सुनिश्चितताका लागि वासिङ्टनसँग निरन्तर सहकार्य गरिरहेकाले जापानी सरकारले आणविक हतियार निषेधसम्बन्धी सन्धिमा हस्ताक्षर गर्न वा त्यसका बैठकहरूमा पर्यवेक्षकका रूपमा सहभागी हुनुपर्ने जीवित पीडितहरूको माग स्वीकार गरेको छैन ।

सन् १९४५ अगस्ट ६ मा हिरोसिमामाथि खसालिएको आणविक बमका कारण करिब एक लाख ४० हजार मानिसको मृत्यु भएको थियो । त्यसको तीन दिनपछि नागासाकीमा खसालिएको दोस्रो आणविक बमले करिब ७० हजार मानिसको ज्यान लिएको थियो । त्यसपछि अगस्ट १५ मा जापानले आत्मसमर्पण गरेसँगै दोस्रो विश्वयुद्धको अन्त्य भएको थियो ।

हाल हिरोसिमा र नागासाकीका जीवित पीडितहरूको सङ्ख्या घटेर ९१ हजार १०५ मा पुगेको छ । यो प्रारम्भिक सङ्ख्याको करिब एक चौथाइ मात्र हो । उनीहरूको औसत उमेर ८६ वर्षभन्दा माथि पुगेको छ । बाँचेकाहरूले आफ्ना अनुभव र सम्झनाहरू समयसँगै हराउँदै जान सक्ने चिन्ता व्यक्त गर्दै आगामी पुस्तासम्म युद्ध र आणविक विनाशको वास्तविकता पुऱ्याउनुपर्ने आवश्यकता औँल्याएका छन् ।

# हर्मुजमा इरान–ओमान सहमति नजिक

तेहरान, ६ अगस्ट (एएफपी) । इरान र ओमान हर्मुज जलडमरु पार गर्ने जहाजका लागि नयाँ समुद्री मार्ग र संयुक्त व्यवस्थापनको ढाँचामा सहमतिको अन्तिम चरणमा पुगेका छन् । यद्यपि, तेहरानले रणनीतिक जलमार्ग पूर्ण रूपमा सहज बनाउन अमेरिकाले इरानी बन्दरगाहमाथिको नौसैनिक नाकाबन्दी हटाउनुपर्ने अडान दोहोऱ्याएको छ ।

इरानको विदेश मन्त्रालयका प्रवक्ता इस्माइल बाकाईले दुवै देशबिच प्रस्तावित समुद्री मार्गको भौगोलिक निर्देशाङ्कमा सहमति भइसकेको र तेस्रो पक्षबाट अवरोध नभए संयुक्त वक्तव्य पनि चाँडै अन्तिम रूप दिइने बताउनुभयो । उहाँका अनुसार ओमानसँगको वार्ता सकारात्मक रूपमा अघि बढिरहेको भए पनि त्यसले तत्काल सबै जहाजका लागि जलडमरु पूर्ण रूपमा सुरक्षित भइसकेको अर्थ नलाग्ने स्पष्ट पार्नुभयो ।

बाकाईले हर्मुजमा विद्यमान सुरक्षा जोखिमको मुख्य कारण अमेरिकाले इरानी बन्दरगाहमाथि कायम राखेको नौसैनिक नाकाबन्दी तथा इरानविरुद्धका अन्य आक्रामक गतिविधि रहेको दाबी गर्नुभयो ।

अमेरिका र इजरायलले फेब्रुअरी २८ मा इरानविरुद्ध युद्ध सुरु गरेपछि इरानले हर्मुज जलडमरुमाथि कडा नियन्त्रण कायम गर्दै अनधिकृत समुद्री मार्ग प्रयोग गर्ने जहाजलाई चेतावनी दिँदै आएको छ । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले इरान हर्मुज पुन: खोल्ने सहमतिनजिक पुगेको दाबी गर्दै आउनुभएको छ । तर, इरानले वासिङ्टनसँग कुनै वार्ता नभएको र समाधान ओमानसँगको समन्वयमार्फत खोजिरहेको जनाएको छ ।

यसैबिच, बेलायतको समुद्री सुरक्षा निकाय (युकेएमटीओ) ले ओमानको कुम्जार क्षेत्रनजिक हर्मुज पार गरिरहेको एक तेल ट्याङ्करका चालकदलले दुईवटा विस्फोटको आवाज सुनेको जानकारी दिएको छ । घटनामा जहाज र चालकदल सुरक्षित रहेको जनाइएको छ ।

यमनका हुथी विद्रोहीले पनि दुई साउदी तेल ट्याङ्करमाथि क्षेप्यास्त्र प्रहार गरेको दाबी गरेका छन् । उनीहरूका सैन्य प्रवक्ता याह्या सारीले उत्तरी लालसागरस्थित यानबु बन्दरगाहनजिक रहेको 'वाफा' र एडेनको खाडीमा रहेको 'डेजी' नामक ट्याङ्करलाई लक्षित गरिएको बताउनुभएको छ । यसबारे साउदी अरबले तत्काल कुनै प्रतिक्रिया दिएको छैन ।

युद्धअघि विश्वको करिब पाँचौँ भाग तेल तथा तरल प्राकृतिक ग्यास (एलएनजी) निर्यात हर्मुज जलडमरुमार्फत हुने गरेको थियो । त्यसयता यस क्षेत्रमा उत्पन्न तनावले अन्तर्राष्ट्रिय ऊर्जा बजारमा पटक-पटक मूल्य वृद्धि गराएको छ ।

इरानले जलडमरु प्रयोग गर्ने जहाजलाई आफ्नो तटीय मार्ग प्रयोग गर्न आग्रह गर्दै आएको छ भने धेरै अन्तर्राष्ट्रिय जहाजहरूले ओमानतर्फको दक्षिणी समुद्री मार्ग रोजिरहेका छन् । विश्लेषकहरूका अनुसार इरान हर्मुज जलडमरूमध्यमाथि थप प्रत्यक्ष नियन्त्रण कायम गरी शुल्क प्रणाली लागू गर्ने तयारीमा छ भने अमेरिकाले त्यसको कडा विरोध गर्दै आएको छ ।

# नयाँदिल्लीमा मिडियासँग शेख हसिनाको प्रत्यक्ष कुराकानी, बङ्गलादेश आक्रोशित

ढाका, ६ अगस्ट (एएनआई) । बङ्गलादेशले बङ्गलादेशकी अपदस्थ पूर्वप्रधानमन्त्री शेख हसिनाको बुधबार नयाँदिल्लीमा मिडियासँग प्रत्यक्ष कुराकानी गरेको विषयमा आक्रोश व्यक्त गरेको छ । हसिनालाई बङ्गलादेशको राष्ट्रियता र यहाँका जनताविरुद्ध सामूहिक अपराध गरेको आरोप लगाइएको छ ।

बुधबार जारी गरिएको एक प्रेस वक्तव्यमा बङ्गलादेशको विदेश मन्त्रालयले फरार दोषी नरसंहारकर्ता शेख हसिनालाई नयाँदिल्लीमा मिडियासँग प्रत्यक्ष कुराकानी गर्ने अनुमति दिइएकोमा बङ्गलादेश आक्रोशित भएको जनाएको छ ।

विज्ञप्तिमा बङ्गलादेशले द्विपक्षीय सम्बन्धमा यस घटनाको सम्भावित प्रभावहरूको बारेमा विचार नगरी भारत सरकारले हसिनालाई सार्वजनिक कार्यक्रममा बोल्ने अवसरसहित सार्वजनिक कार्यक्रम आयोजना गर्न अनुमति दिइएकोमा गहिरो खेद व्यक्त गरिएको छ ।

विदेश मन्त्रालयले बङ्गलादेशका जनताले जुलाई क्रान्तिको दोस्रो वार्षिकोत्सव मनाउँदै गर्दा भारतीय भूमिमा शेख हसिनाको यो अन्तरक्रिया बङ्गलादेशको सार्वभौमसत्ताको अपमान र जुलाई क्रान्तिका सहिदहरूको घोर अपमान भएको पनि बताएको छ ।

हसिनाको शासनद्वारा सन् २०२४ को जुलाई-अगस्टमा नाबालिकाहरूसहित निर्दोष नागरिकहरूको विभत्स हत्यासहित संयुक्त राष्ट्रसङ्घद्वारा स्थापित तथ्यहरूको अस्वीकार, फरार दोषी सामूहिक हत्याराको आपराधिक समूहको ताजगीकरणले इतिहासलाई उल्टाउने प्रयासलाई कमजोर बनाउने बताइएको छ । बङ्गलादेशका जनताले विगतमा यस्ता घृणित प्रयासहरूलाई अस्वीकार गरिसकेको र अहिले पनि गरिरहेको मन्त्रालयले जनाएको छ ।

जुलाई क्रान्तिको आदर्शलाई पुष्टि गर्दै मन्त्रालयले बङ्गलादेशका जनताले आफ्नो राष्ट्र फेरि कहिल्यै फासीवादको कालो दिनमा नफर्कने दृढ सङ्कल्प गरेको बताएको छ । मन्त्रालयले दोषी ठहर हुनुभएकी 'सामूहिक हत्यारा' हसिना र उहाँको सहयोगी समूहलाई बङ्गलादेशको राजनीतिमा कहिल्यै स्थान नहुने जनाएको छ ।

विज्ञप्तिमा बङ्गलादेश भारतसँग सार्वभौम समानता, आपसी सम्मान, एक अर्काको आन्तरिक मामिलामा हस्तक्षेप नगर्ने र राष्ट्रिय मर्यादाको आधारमा रचनात्मक, पारस्परिक रूपमा फाइदाजनक र अग्रगामी सम्बन्ध कायम राख्न चाहेको उल्लेख गरिएको छ । यद्यपि, सन् २०१३ मा बङ्गलादेश र भारतबिच हस्ताक्षर भएको प्रत्यर्पण सन्धिअन्तर्गत दोषी अपराधी हसिनालाई बङ्गलादेश फिर्ता गर्न बङ्गलादेशले भारत सरकारलाई बारम्बार अनुरोध गरे पनि अहिलेसम्म कुनै प्रतिक्रिया आएको छैन ।

सन्धिको विपरीत, हसिनालाई मिडियासँग खुलेर कुराकानी गर्ने अवसर दिनु बङ्गलादेश र भारतबिचको सौहार्दपूर्ण द्विपक्षीय सम्बन्धको विकासका लागि हानिकारक भएको विज्ञप्तिमा भनिएको छ ।

यसअघि अपदस्थ बङ्गलादेशकी पूर्वप्रधानमन्त्री शेख हसिनाले डिसेम्बरमा आफ्नो मातृभूमि फर्कने निर्णयको घोषणा गर्दै आफू गिरफ्तारी, जेल वा आफ्नो जीवनलाई धम्कीलगायत कुनै पनि परिणामको सामना गर्न तयार रहेको बताउनुभएको थियो ।

बङ्गलादेशबाट प्रस्थान गरेपछि नयाँदिल्लीबाट पहिलो पत्रकार सम्मेलनलाई भर्चुअल पमा सम्बोधन गर्दै अपदस्थ पूर्वप्रधानमन्त्री हसिनाले आफ्ना समर्थक र देशवासीहरूले कठिनाइको सामना गरिरहँदा विदेशमा बस्न नसक्ने कुरामा जोड दिनुभएको थियो । उहाँले भाग्यले आफूलाई पर्खिरहेको बताउँदै आफ्ना जनताबाट टाढा रहन नसक्ने र प्रिय देशवासीहरू माझ आगामी डिसेम्बरमा फर्किने उद्घोष गर्नुभएको छ ।

# विस्फोटक ड्रोनले जर्मन विमानस्थलमा सुरक्षा चुनौती

बर्लिन, ६ अगस्ट (एपी) । जर्मनीको लाइपजिग/हाले विमानस्थलमा विस्फोटक पदार्थ जडान गरिएको ड्रोन फेला परेपछि त्यसलाई सुरक्षित रूपमा निष्क्रिय गरिएको छ । घटनापछि जर्मनीका गृहमन्त्री अलेक्जान्डर डोब्रिन्डले यसलाई देशको हवाई सुरक्षासामु देखा परेको 'खतराको नयाँ गुणस्तर' भएको चुनौतीका रूपमा वर्णन गर्नुभएको छ ।

मङ्गलबार राति विमानस्थल आसपास शङ्कास्पद उड्ने वस्तु देखिएपछि प्रमुख कार्गो केन्द्रका दुवै रनवे तत्काल बन्द गरिएका थिए । त्यसका कारण एउटा यात्रुवाहक विमानसहित केही उडानहरू वैकल्पिक विमानस्थलतर्फ मोडिएका थिए । दक्षिणी रनवे नजिक शङ्कास्पद वस्तु रहेको सूचनापछि विस्फोटक निष्क्रिय पार्ने रोबोट परिचालन गरिएको थियो ।

क्षेत्रीय प्रहरी र सरकारी अभियोजन कार्यालयका अनुसार विमानस्थलका एक कर्मचारीले दक्षिणी रनवे नजिकै अज्ञात विस्फोटक उपकरण बोकेको ड्रोन फेला पारेका थिए । त्यसपछि सुरक्षा निकायले ड्रोन नियन्त्रणमा लिएर त्यसमा जडान गरिएको डेटोनेटर हटाई सुरक्षित रूपमा निष्क्रिय पारेको थियो । घटनाबारे विस्तृत अनुसन्धान जारी रहेको अधिकारीहरूले जनाएका छन् ।

घटनास्थल पुग्न बिदा नै स्थगित गर्नुभएका गृहमन्त्री डोब्रिन्डले विमानस्थलमा विस्फोटक बोकेको ड्रोन भेटिनु विगतका घटनाभन्दा फरक प्रकृतिको सुरक्षा जोखिम भएको बताउनुभयो । उहाँका अनुसार ड्रोनबाट उत्पन्न हुन सक्ने खतरा पहिलेदेखि नै चिनिएको भए पनि विस्फोटकसहित विमानस्थलभित्र प्रवेश गर्नु सुरक्षा चुनौतीको नयाँ स्वरूप हो ।

उहाँले घटनालाई 'हाइब्रिड आक्रमणको परिदृश्य' का रूपमा उल्लेख गर्नुभएको छ । तर, यसबारे थप विवरण सार्वजनिक नगरिएको र ड्रोनको उत्पत्ति, प्रयोग गरिएको विस्फोटकको प्रकृति तथा सम्भावित संलग्न व्यक्तिबारे अनुसन्धान भइरहेकाले अहिले नै निष्कर्षमा पुग्न नसकिने उहाँले स्पष्ट पार्नुभयो ।

स्याक्सोनी राज्यका गृहमन्त्री आर्मिन सुस्टरले सुरक्षा निकायले सम्भावित दोस्रो ड्रोनका अवशेष वा भागहरू खोजी गरिरहेको जानकारी दिनुभयो ।

यसैबिच, रनवे बन्द भएपछि अवतरण गर्न नसकेको एउटा मालवाहक विमान अर्को उड्ने वस्तुसँग ठोक्किएको प्रारम्भिक विवरण सार्वजनिक भएको छ । उक्त विमानलाई करिब २०० किलोमिटर टाढाको हनोभर विमानस्थलमा अवतरण गराइएको थियो । त्यहाँ निरीक्षणका क्रममा सामान्य क्षति देखिएको अधिकारीहरूले बताएका छन् ।

# उपभोक्ता संरक्षण ऐन र चिकित्सा क्षेत्रमा देखिएको चुनौती

✍ डा. विश्वराज दवाडी

नेपालको संविधानको धारा ३५ ले प्रत्येक नागरिकलाई स्वास्थ्य सेवामा समान पहुँच र आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्ने अधिकारलाई मौलिक हकका रूपमा ग्यारेन्टी गरेको छ ।

संविधानले स्वास्थ्यलाई राज्यको एक अभिन्न दायित्व र अत्यावश्यक मानवीय सेवाका रूपमा स्वीकार गरेको छ तर पछिल्लो समय उपभोक्ता संरक्षण ऐन, २०७५ अन्तर्गत स्वास्थ्य सेवा र चिकित्सकहरूलाई पनि व्यापारिक वस्तु वा सामान बिक्री गर्ने विक्रेता सरह राखी उपभोक्ता अदालतको दायरामा ल्याइएको छ । यसले गर्दा नेपालको सम्पूर्ण स्वास्थ्य प्रणालीमा गम्भीर र नकारात्मक असरहरू देखिन थालेका छन् ।

**उपभोक्ता अदालतको बढ्दो हस्तक्षेप**

हालै उपभोक्ता अदालतले एभरेस्ट अस्पताल र एक स्त्री तथा प्रसूति रोग विशेषज्ञलाई रु. ३९ लाख क्षतिपूर्ति तिराउने फैसला गरेको छ । फैसलामा अस्पताललाई ३० लाख र डाक्टरलाई रु. नौ लाख जरिवाना तोकिएको छ । प्रसूतिको क्रममा 'प्रि-एक्लेम्पसिया' (उच्च रक्तचाप) को जटिलतामा औषधि व्यवस्थापन तथा मेडिकल प्रोटोकल पालना नभएको ठहर गर्दै अदालतले उक्त आदेश दिएको हो ।

यसअघि पनि उपभोक्ता अदालतले हिमाल हस्पिटल र चिकित्सकलाई रु. एक करोड ४५ लाख र ओम हस्पिटललाई रु. ५६ लाखभन्दा बढी क्षतिपूर्ति तिराउने फैसला गरिसकेको छ । एक ९८ वर्षीय बिरामीको प्राथमिक उपचार र डिस्चार्जका क्रममा लापर्वाही भएको भन्दै अदालतले ओम हस्पिटललाई ८० प्रतिशत (रु ५० लाख ७० हजार) र उपचारमा संलग्न दुई डाक्टरलाई १०/१० प्रतिशत (प्रतिडाक्टर रु. तीन लाख पाँच हजारका दरले) क्षतिपूर्ति तिराउने निर्णय गऱ्यो ।

कुनै पनि बिरामीको ज्यान जानु अत्यन्तै दुःखद् विषय हो र पीडितले न्याय पाउनैपर्छ तर मेडिकल विज्ञानको जटिलता, आकस्मिक अवस्था र बिरामीको शारीरिक प्रतिक्रियालाई गैर-मेडिकल प्रशासनिक न्यायाधीशहरूले व्यापारिक ऐनको कसीबाट मूल्याङ्कन गर्दा समग्र चिकित्सा क्षेत्रमा त्रासको वातावरण सिर्जना भएको छ ।

**स्वास्थ्य सेवा व्यापार होइन**

व्यापारिक क्षेत्रमा 'ग्राहक' र 'विक्रेता' बिचको सम्बन्ध नाफा-घाटा र वस्तुको खरीद-बिक्रीमा आधारित हुन्छ । यदि तपाईंले बजारबाट कुनै सामान वा टिभी किन्नुभयो र त्यो बिग्रियो भने त्यसलाई फेर्न वा क्षतिपूर्ति माग्न सकिन्छ, किनकि त्यो निर्जीव वस्तु हो । तर चिकित्सक र बिरामीको सम्बन्ध नाफाको व्यापार होइन । यो आस्था, मानवीय संवेदनशीलता र नैतिक उत्तरदायित्वमा टिकेको हुन्छ । कुनै पनि चिकित्सकले बिरामीलाई जानीजानी हानि पुऱ्याउने नियत राख्दैन ।

मानव शरीर कुनै कलकारखानाको मेसिन होइन, जहाँ एउटै नियम वा औषधि सबैलाई समान रूपमा लागू होस् । प्रत्येक व्यक्तिको शारीरिक बनावट, रोग प्रतिरोधात्मक क्षमता र तत्कालीन अवस्था फरक-फरक हुन्छ । त्यसैले स्वास्थ्योपचारलाई अन्य व्यापारिक सेवासँग तुलना गरेर 'उपभोक्ता ऐन' को घेरामा राख्नु कानुनी र व्यावहारिक दुवै दृष्टिले गलत छ ।

**उपभोक्ता ऐनको त्रास**

जब स्वास्थ्य सेवालाई उपभोक्ता ऐनमा राखियो र डाक्टरहरूमाथि करोडौँ रूपैयाँ क्षतिपूर्तिको मुद्दा पर्न थाल्यो, त्यसको प्रत्यक्ष दुष्परिणाम बिरामीहरूले नै भोग्नुपरिरहेको छ । डाक्टरहरूमा कानुनी झमेला र करोडौँ क्षतिपूर्तिको त्रास सिर्जना भएकाले नेपालमा 'डिफेन्सिभ मेडिसिन' को विभिन्न खालका विकृतिहरू भित्रिएका छन् । जटिल वा गम्भीर अवस्थाका बिरामी अस्पताल आउँदा कानुनी झमेला र उपभोक्ता अदालतको डरले डाक्टरहरूले जोखिम मोलेर उपचार गर्नुको सट्टा अन्यत्र रिफर' गर्ने वा हात हाल्न नमान्ने प्रवृत्ति बढेको छ । यसले गर्दा आपत्कालीन अवस्थाका धेरै बिरामीहरूले समयमा उपचार नपाई अकालमै ज्यान गुमाउनुपर्ने अवस्था सिर्जना भएको छ ।

त्यति मात्र होइन, अनावश्यक परीक्षण र महँगो उपचारको अवस्था पनि सिर्जना भएको छ । कानुनी बचाउका लागि डाक्टरहरूले सानो शङ्का लाग्दा पनि बिरामीलाई धेरै किसिमका महँगा सिटी स्क्यान, एमआरआई र अनावश्यक प्रयोगशाला परीक्षणहरू गराउन बाध्य हुनु परेको छ । यसको प्रत्यक्ष आर्थिक भार अन्ततः गरिब तथा विपन्न बिरामीकै खल्तीमा परेको छ ।

**अन्तर्राष्ट्रिय अनुभवबाट सिक्नुपर्ने पाठ**

दक्षिण एसियाली तथा पश्चिमी देशहरूको अनुभवले पनि स्वास्थ्यलाई उपभोक्ता ऐनमा राख्दा उल्टै सर्वसाधारणलाई नोक्सान पुगेको देखाउँछ । भारतमा सन् १९९५ पछि स्वास्थ्य सेवालाई उपभोक्ता ऐनभित्र समावेश गरियो । त्यसपछि अदालतमा लाखौँ मुद्दाहरू थुप्रिए, डाक्टरहरूले बचाउत्मक उपचार गर्न थाले र भारतमा उपचार खर्च तीव्र रूपमा महँगियो ।

अमेरिका र पश्चिमी देशहरूमा पनि भएका अभ्यासहरूबाट पनि धेरै कुराहरू सिक्नुपर्ने हुन्छ । अमेरिकामा 'मेडिकल मालप्राक्टिस' सम्बन्धी कडा कानुन र अर्बौं डलर क्षतिपूर्ति तोक्ने प्रणाली छ । यसले गर्दा डाक्टरहरूले तिर्नुपर्ने बीमा को प्रिमियम अत्यधिक महँगो छ, जसले गर्दा अमेरिकामा उपचार विश्वकै सबैभन्दा महँगो बनेको छ । नेपालजस्तो विकासोन्मुख देशले यस्तो महँगो प्रणाली धान्न सक्दैन ।

**वास्तविक समाधान के हो त ?**

स्वास्थ्य सेवालाई उपभोक्ता ऐनबाट हटाउनुको अर्थ डाक्टरहरूलाई मनपरी गर्न दिनु वा उन्मुक्ति दिनु पटक्कै होइन । यदि कुनै डाक्टरले गम्भीर लापर्वाही गर्छ भने उसलाई कारबाही हुनैपर्छ र पीडित बिरामीले न्याय पाउनैपर्छ तर त्यसका लागि व्यापारिक अदालत होइन, विशेषज्ञ निकाय हुनुपर्छ । यसका लागि नेपाल मेडिकल काउन्सिलभित्र 'मेडिको-लिगल ट्रिब्युनल' गठन गर्न सकिन्छ । काउन्सिलभित्र पूर्वन्यायाधीशको अध्यक्षतामा विषयगत विशेषज्ञ डाक्टरहरू, उपभोक्ता अधिकारकर्मी र बायोएथिस्टहरू रहेको छुट्टै न्यायपीठ बनाइनुपर्छ । यसले उपचारमा 'प्रक्रियागत त्रुटि' वा 'बदनियत' थियो कि थिएन भन्ने वैज्ञानिक छानबिन गर्छ ।

त्यस्तै डाक्टर र अस्पतालहरूका लागि अनिवार्य पेसागत बिमाको व्यवस्था गरिनुपर्छ । यदि ट्रिब्युनलले उपचारमा त्रुटि भएको ठहर गरेमा क्षतिपूर्तिको रकम डाक्टरको व्यक्तिगत सम्पत्ति वा खल्तीबाट नभई बीमा कम्पनीको कोष बाट पीडित बिरामीलाई तत्काल उपलब्ध गराइन्छ । स्वास्थ्य सेवा कुनै व्यापारिक कारोबार होइन; यो नागरिकको जीवनसँग जोडिएको संवेदनशीलता हो । यदि हामीले स्वास्थ्य सेवालाई व्यापार र बिरामीलाई केवल 'ग्राहक' का रूपमा हेरिरह्यौं भने डाक्टरहरू बचाउत्मक मोडमा जानेछन्, उपचार प्रक्रिया झन् महँगो र झन्झटिल हुनेछ, र जटिल बिरामीहरूले समयमा उपचार नपाई अकालमै ज्यान गुमाउनुपर्नेछ ।

त्यसैले आम नागरिकको हित, डाक्टरहरूको सुरक्षा र देशको स्वास्थ्य प्रणालीलाई जोगाउनका लागि उपभोक्ता संरक्षण ऐन, २०७५ को दफा २ (ध) संशोधन गरी स्वास्थ्य सेवालाई यो ऐनबाट पूर्ण रूपमा अलग गरिनुपर्छ । स्वास्थ्य क्षेत्रलाई बचाउनु भनेको अन्ततः आम नागरिककै जीवन र स्वास्थ्यको रक्षा गर्नु हो । (लेखक नेपाल मेडिकल एसोसिएसनका महासचिव हुनुहुन्छ ।) *(रासस)*

# अनि हुन्छ... जमल जलमग्न

● प्रगति ढकाल

काठमाडौं । लाजिम्पाटकी वर्षा पाण्डेका लागि मनसुनको चिन्ता पानी पर्नुसँगै सुरु हुन्छ । उहाँलाई आकाशबाट झमझम पानी पर्यो कि भन्नेभन्दा पनि 'आज फेरि जमल डुब्ने त होइन ?' भन्ने चिन्ताले बढी सताउँछ । घरबाट कार्यालय पुग्ने दैनिक यात्रा नै वर्षायाममा उहाँका लागि तनावको विषय बनेको छ ।

"पानी परेपछि जमलको बाटो पार गर्नै डर लाग्छ," उहाँ भन्नुहुन्छ, "कहिलेकाहीँ स्कुटी नै पल्टिन्छ कि जस्तो हुन्छ । सार्वजनिक बसमा चढ्दा अत्यधिक भीड हुन्छ, आफ्नै स्कुटी चलाउँदा दुर्घटनाको डर । मनसुनभर अफिस जाँदा-आउँदा एउटा मात्रै कामना हुन्छ–पानी परे पनि जमल नडुबोस् ।"

यस्तै अनुभव छ मनमैजुकी मलिन न्यौपानेको पनि । वर्षायाममा घर फर्किने बेला उहाँको पहिलो चासो मौसमभन्दा पनि जमलको सडकको अवस्था हुन्छ । "वर्षामा जमल डुबेको त छैन भन्ने चिन्ता लाग्छ", उहाँ भन्नुहुन्छ, "अरू ठाउँमा पनि पानी जम्छ तर जमलमा त सडक नै नदीजस्तो हुन्छ । सवारीसाधन चलाउनै गाह्रो हुन्छ, सवारी चापले घण्टौं अल्झिनुपर्छ ।"

उहाँहरू त उदाहरणको पात्रमात्रै हुनुहुन्छ । जमल हुँदै दैनिक आवतजावत गर्ने हजारौँ सर्वसाधारणका लागि वर्षा दैनिक जीवनलाई प्रभावित गर्ने अर्को चुनौती बनेको छ । केहीबेरको वर्षाले सडक जलमग्न हुँदा उनीहरूको यात्रा अनिश्चित, जोखिमपूर्ण र कष्टकर बन्दै गएको छ । माइतीघरपछि जमल पनि काठमाडौँको सहरी डुबानको अर्को संवेदनशील केन्द्रका रूपमा चिनिन थालेको छ ।

हरेक मनसुन अवधिमा जलमग्न हुने काठमाडौँ उपत्यकाको विभिन्न स्थानमध्ये एक हो उपत्यकाको मुख्य व्यावसायिक केन्द्रका रूपमा रहेको जमल आसपासको क्षेत्र पनि । वर्षायाममा डुबानको समस्या यस क्षेत्रका लागि पनि नयाँ होइन । भारी वर्षाबिना नै जलमग्न हुने यस क्षेत्रको दीर्घकालीन समस्या समाधानका लागि ठोस कदम नचाल्दा समस्या बल्झिएको हो । बर्सेनि मनसुन याममा केही घण्टाको वर्षाले नै सडक नदीजस्तै बन्छ । सवारीसाधन अस्तव्यस्त भई सवारी चापले सर्वसाधारणहरू हैरान हुन्छन् ।

वरपरका व्यापार-व्यवसाय प्रभावित हुन्छ । पैदलयात्रीलाई हिँड्नै कठिन हुन्छ । बर्सेनि जमल क्षेत्र डुबानमा परेपछि राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण (एनडीआरआरएमए) को संयोजकत्वमा काठमाडौँ महानगरपालिका, सडक डिभिजन कार्यालय काठमाडौँ र काठमाडौँ उपत्यका खानेपानी लिमिटेड (केयूकेएल)का प्राविधिकहरूको संयुक्त टोलीले स्थलगत अध्ययन गरी समस्याको मूल कारण र समाधानका उपायसहित प्रतिवेदन तयार गरेको छ । असन्तुलित जल प्रवाह र निकास क्षमताको कमीका कारण जमल जलमग्न हुने गरेको प्रतिवेदनको निष्कर्ष रहेको छ । जमल क्षेत्रमा देखिएको डुबान र ढल निकाससम्बन्धी समस्या पहिचान गर्न गठित प्राविधिक समितिको उक्त प्रतिवेदन जमल डुबानको समस्या काठमाडौँको सहरी पूर्वाधार व्यवस्थापनको गम्भीर चुनौतीका रूपमा औँल्याएको छ ।

**मुख्य कारण: असन्तुलित जल प्रवाह**

प्राविधिक टोलीले गरेको अध्ययनले जमल क्षेत्रको मुख्य समस्या असन्तुलित जलप्रवाह रहेको देखाएको छ । प्रतिवेदनअनुसार जमल क्षेत्रमा चार फरक दिशाबाट ठूलो परिमाणमा वर्षाको पानी जम्मा हुन्छ । प्रतिवेदनअनुसार ज्याठातर्फबाट ६० सेन्टिमिटर डाइमिटर पाइप, निर्वाचन आयोगतर्फबाट ९० सेन्टिमिटर डाइमिटर पाइपमार्फत पानी आउने गरेको छ । यसैगरी यल्लो प्यागोडा होटलतर्फबाट ४५ सेन्टिमिटर डाइमिटर पाइप, जनप्रशासन परिसरबाट २० सेन्टिमिटर डाइमिटर पाइपबाट पानी आउने गरेको अध्ययन प्रतिवेदनको निष्कर्ष रहेको छ । अन्य मुख्य सडक क्षेत्रबाट सतही पानी जमलतर्फ केन्द्रित हुने गरेको छ ।

यी सबै क्षेत्रबाट आउने पानीको कुल इनफ्लो क्षेत्रफल करिब ०.८२६ वर्गमिटर बराबर रहेको छ । तर बाहिर निकास गर्ने पाइपको क्षमता भने ०.२८३ वर्गमिटरमात्रै छ अर्थात् करिब १२० सेन्टिमिटर डाइमिटर बराबरको पानी जम्मा हुने प्रणालीलाई ६० सेन्टिमिटर डायमिटरबराबरको निकास प्रणालीले मात्र धान्नुपर्ने अवस्था छ । यही क्षमताको असन्तुलन नै डुबानको मुख्य कारण भएको प्रतिवेदनले औँल्याएको छ । काठमाडौँ महानगरपालिकाका कार्यवाहक प्रमुख सुनिता डङ्गोलले माइतीघर मण्डला क्षेत्रमा वर्षायाममा दोहोरिने डुबान समस्याको दीर्घकालीन समाधानका लागि ढल र आकासेपानी निकासका लागि छुट्टाछुट्टै पाइप प्रणाली निर्माण गरिने बताउनुभएको छ । "यस्ता समस्या हटाउन तत्कालीन र दीर्घकालीन समस्या समाधानका लागि गुरूयोजना बनाएर काम गर्नेछौँ", उहाँले भन्नुभयो ।

**टुकुचा खोलासँग जोडिएको अर्को समस्या**

प्रतिवेदक तथा राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका उपसचिव रामबहादुर केसीले टुकुचा खोलाको पानीको सतह र ढल निकासको अन्तिम बिन्दु बिचको तहको भिन्नता न्यून रहेका कारण अविरल वर्षाको समयमा खोलाको पानीको बहावले ढल निकासलाई बाधा पुऱ्याएको बताउनुभयो । "जमलको ढल प्रणाली टुकुचा खोलामा मिसिन्छ । तर टुकुचा खोलाको सतह र ढल निकासको अन्तिम बिन्दुबिच उचाइको अन्तर निकै कम भएकाले खोलामा पानी बढ्नेबित्तिकै ढलको पानी बाहिर निस्कन सक्दैन", उहाँले भन्नुभयो, "खोलाको बहाव बढ्दा पानी उल्टै ढलभित्र फर्कने अवस्था सृजना हुने भएकाले सडकमा पानी थुप्रिने गरेको देखियो ।"

केसीका अनुसार ढल तथा डक वा सार्वजनिक स्थानमा वर्षाको पानी ढल प्रणालीमा पठाउन बनाइएको सानो संरचना (क्याचपिट) हरूमा जमेको फोहर, बालुवा र गेग्रानलाई पनि अर्को मुख्य समस्या रहेको छ । "धेरै स्थानका पाइप तथा म्यानहोल नियमित सफा नभएकाले पानीको बहाव अवरुद्ध भएको देखिएको छ । केही स्थानमा ढलभित्र जमेको माटोले पाइपको वास्तविक क्षमता निकै घटाएको छ", उहाँले भन्नुभयो, "यसका कारण सामान्य वर्षामै पनि पानी सडकमा निस्कने अवस्था बनेको पाइयो ।"

**यस्ता छन् तत्काल गर्नुपर्ने काम**

प्राविधिक समितिले तत्काल कार्यान्वयन गर्नुपर्ने चार प्रमुख उपाय सुझाएको छ । पहिलो, सडक डिभिजन, काठमाडौँ महानगरपालिका र केयुकेएलले सबै पाइप लाइन, ढलको पाइप निरीक्षण, मर्मत र सफाइका लागि बनाइएको प्रवेश कक्ष (म्यानहोल) र क्याचपिट नियमित रूपमा सफा गर्नुपर्ने अध्ययनको सुझाव रहेको छ । जल तथा मौसम विभाग विभागबाट प्राप्त वर्षा पूर्वानुमान र डुबान चेतावनीका आधारमा सम्बन्धित निकायले सवारी आवागमनको व्यवस्थापन समयमै गर्नुपर्ने अध्ययनले सुझाव दिएको छ । यसैगरी जमलदेखि केशरमहलसम्म थप क्याचपिट निर्माण गरी सतहमा जम्मा हुने पानीलाई छिटो निकास दिनुपर्ने अध्ययनको सुझाव छ । काठमाडौँ महानगरपालिकाले टुकुचा खोलाको सतह (बेडलेभल) सफा गरी पानीको बहाव सहज बनाउनुपर्ने प्रतिवेदनमा उल्लेख छ ।

**मध्यमकालीन समाधान उपाय**

समितिले तत्काल सरसफाइले मात्रै समस्या समाधान नहुने निष्कर्ष निकालेको छ । प्रतिवेदनअनुसार अहिलेको ६० सेन्टिमिटरको मुख्य निकास पाइप हटाएर ठूलो क्षमताको ट्रङ्क लाइन निर्माण गर्नुपर्ने आवश्यकता छ । यसैगरी जमल क्षेत्रमा केन्द्रित हुने पानीलाई एउटै निकासमा नपठाई केही भागलाई वैकल्पिक मार्गबाट डाइभर्ट गर्ने व्यवस्था गर्नुपर्ने सुझाव दिइएको छ । यसका लागि काठमाडौँ महानगरपालिका, केयुकेएल र त्रिभुवन विश्वविद्यालयलगायत प्राविधिक निकायको सहकार्य आवश्यक हुने उल्लेख गरिएको छ । त्यस्तै, क्षेत्रका होटल, विद्यालय, सपिङ मल र निजी भवनहरूमा वर्षाको पानी सङ्कलन तथा भू-पुनर्भरण प्रणाली लागू गर्न प्रोत्साहन गर्नुपर्ने सुझाव पनि दिइएको छ । यसबाट ढल प्रणालीमा पर्ने पानीको चाप घटाउन सकिने प्रतिवेदनको निष्कर्ष छ ।

**यस्ता छन् दीर्घकालीन योजनाका सुझाव**

दीर्घकालीन रूपमा भने जमलको समस्या समाधान गर्न काठमाडौँ उपत्यका खानेपानी लिमिटेडले तयार पारेको कोर सिटी क्षेत्रको ढल पुनःस्थापनासम्बन्धी विस्तृत डिजाइन कार्यान्वयन गर्नुपर्ने प्रतिवेदनले सुझाएको छ । प्रतिवेदक केसीले वर्षाको पानीलाई सिधै ढलमा मिसाउने अभ्यास अन्त्य गरी छुट्टै स्टर्म वाटर ड्रेनेज नेटवर्क निर्माण गर्नुपर्ने देखिएको बताउनुभयो । "वर्षाको पानीलाई पूर्व-उपचारपछि पुनर्भरण वा जलाशयमा भण्डारण गर्ने सम्भावनाबारे पनि अध्ययन गरी कार्यान्वयन गर्नुपर्ने देखिएको छ", उहाँले भन्नुभयो ।

काठमाडौँ उपत्यका खानेपानी व्यवस्थापन बोर्डका सूचना अधिकृत सन्तोष बरालले उपत्यकामा दीर्घकालीन ढल व्यवस्थापन र भूजल पुनर्भरणका लागि त्रिचन्द्र बहुमुखी क्याम्पस लगायतका सार्वजनिक क्याम्पस तथा विद्यालयमा पुनर्भरण प्रणाली स्थापना गरिएको बताउनुभएको छ । त्रिचन्द्र बहुमुखी क्याम्पसको छतबाट सङ्कलन गरिएको वर्षाको पानीलाई पुनर्भरण प्रणालीमार्फत रानीपोखरी क्षेत्रमा पठाउने व्यवस्था गरिएको उहाँको भनाइ छ ।

**अन्य डुबानग्रस्त क्षेत्रको पनि अध्ययन हुने**

काठमाडौँ उपत्यकामा वर्षायाम सुरु भएसँगै दोहोरिने डुबान समस्याको दीर्घकालीन समाधान खोज्न राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले माइतीघरपछि जमल क्षेत्रको पनि प्राविधिक अध्ययन सम्पन्न गरेको छ । प्राधिकरणले आगामी दिनमा उपत्यकाका अन्य डुबान प्रभावित क्षेत्रको पनि क्रमशः अध्ययन गरी समाधानका उपाय कार्यान्वयन गर्ने जनाएको छ । केही दिनअघि माइतीघर क्षेत्रको ढल निकास, नालाको क्षमता, अतिक्रमण तथा वर्षाको पानी व्यवस्थापनसम्बन्धी अध्ययन सम्पन्न गरेको प्राधिकरणले अहिले जमल क्षेत्रमा पनि त्यही प्रकृतिको अध्ययन सकेको हो । अध्ययन प्रतिवेदनका आधारमा डुबानका कारण पहिचान गरी तत्काल र दीर्घकालीन दुवै उपाय कार्यान्वयन गरिने प्राधिकरणले जनाएको छ ।

प्राधिकरणका कार्यकारी प्रमुख डा धर्मराज उप्रेतीले माइतीघरमा देखिएको समस्या समाधानको काम अघि बढिरहेको र त्यसको अनुभवलाई आधार बनाएर जमललगायत अन्य संवेदनशील क्षेत्रमा पनि सुधारका कार्यक्रम सञ्चालन गरिने बताउनुभयो । "हरेक वर्ष मनसुन सुरु हुनासाथ माइतीघर, जमललगायतका मुख्य प्रशासनिक र व्यावसायिक क्षेत्र नै डुबानमा पर्छ । त्यसबाट व्यवसायी, सवारी चालक र सर्वसाधारणले अनावश्यक सास्ती भोग्नुपरेको छ । अब दीर्घकालीन समाधानका लागि अगाडि बढ्नुपर्छ", उहाँले भन्नुभयो । उप्रेतीको अनुसार जमल क्षेत्रको अध्ययनबाट प्राप्त निष्कर्षका आधारमा त्यहाँ देखिएका ढल निकासका समस्या, अवरोध तथा पूर्वाधार सुधारका काम अघि बढाइनेछ । त्यसपछि पानी जम्ने समस्या दोहोरिने उपत्यकाका अन्य स्थानको पनि क्रमिक रूपमा अध्ययन गरिने उहाँको भनाइ छ ।

**बढ्दैछ सहरी डुबानको समस्या**

काठमाडौँ उपत्यकामा खाली जमिन मासिदा जमल, माइतीघर, पुतलीसडक, अनामनगरलगायत क्षेत्रमा सामान्य वर्षामै सडक जलमग्न हुने समस्या बढेको बताउनुहुन्छ, भूगर्भविद् डा. सुबोध ढकाल । "अव्यवस्थित सहरीकरण, खुला जमिनको तीव्र कमी, भूजल पुनर्भरणमा आएको गिरावट र पुरानो ढल प्रणालीकै कारण उपत्यकामा सहरी डुबान बर्सेनि जटिल बन्दै गएको छ", उहाँले भन्नुभयो, "माइतीघर, जमलजस्ता राजधानीको मुख्य केन्द्रमा डुबानको समस्या बढ्नुको कारण नै पानी जमिनभित्र छिर्ने प्राकृतिक बाटो बन्द हुनु हो ।"

ढकालका अनुसार विगतमा वर्षाको ठूलो हिस्सा खुला जमिन हुँदै भूगर्भमा सोसिन्थ्यो, जसले भूजल पुनर्भरण पनि हुन्थ्यो तर अहिले सडक, पार्किङ, घर तथा अन्य संरचनामा कङ्क्रिट र कालोपत्र सतह विस्तार भएसँगै पानी सोसिने प्राकृतिक प्रक्रिया लगभग बन्द भएको उहाँको भनाइ छ । ढकालले अधिकांश वर्षाको पानी एकैपटक ढल प्रणालीमा पुग्ने र निकासको क्षमता नाघेपछि जमलजस्ता क्षेत्रमा सडक डुबान हुने गरेको बताउनुभयो । "वर्षालाई रोक्न सकिँदैन तर वर्षाको पानीलाई कसरी व्यवस्थापन गर्ने भन्ने कुरा हाम्रो हातमा हुन्छ", उहाँले भन्नुभयो, "मनसुन सुरु हुनुअघि नै ढल, नाला र खोलाको नियमित सरसफाइ भएको भए जमल र माइतीघरजस्ता स्थानमा देखिने धेरै डुबान न्यूनीकरण गर्न सकिन्थ्यो ।" खाली जग्गा, सार्वजनिक खुला क्षेत्र र घरको आँगनमा वर्षाको पानी जमिनभित्र पठाउने संरचना निर्माण गर्न सके भूजल संरक्षणसँगै सहरी डुबान नियन्त्रणमा पनि महत्त्वपूर्ण योगदान पुग्ने उहाँले बताउनुभयो ।

उहाँका अनुसार नयाँ भवन निर्माण गर्दा सबै जमिन कङ्क्रिटले ढाक्नुको सट्टा केही भाग खुला राख्ने, रेनवाटर हार्भेस्टिङ (वर्षाको पानी सङ्कलन) प्रणाली अनिवार्य गर्ने तथा छतबाट बग्ने पानीलाई सिधै ढलमा पठाउनेसट्टा जमिनभित्र पुनर्भरण गराउने व्यवस्था गर्न आवश्यक छ । "यदि प्रत्येक घरले थोरैमात्र पानी पनि आफ्नै परिसरमा व्यवस्थापन गर्न थाल्यो भने त्यसको सामूहिक प्रभाव निकै ठूलो हुन्छ", उहाँले भन्नुभयो, "सहरीकरणको गतिअनुसार ढल विस्तारमात्र समाधान होइन । पानीलाई सकेसम्म घरघरमै रोक्ने, सङ्कलन गर्ने र जमिनभित्र पठाउने व्यवस्था नगरेसम्म जमल र माइतीघरजस्ता डुबानका समस्या दोहोरिइरहन्छन् ।" उहाँले भविष्यमा नयाँ बस्ती तथा पूर्वाधार विकास गर्दा खुला क्षेत्र संरक्षण, वर्षाको पानी व्यवस्थापन र भूजल पुनर्भरणलाई अनिवार्य मापदण्डका रूपमा समावेश गर्नुपर्नेमा जोड दिनुभयो । *(रासस)*

# सहिदले बगाएको रगतमा होलि खेल्नेहरूदेखि सावधान !

**विगोल**

विश्वमा कुनै पनि देशका जनतालाई परेको दु:ख, समस्या, पीडाभित्र पसेर साहित्य या काव्य कोर्नु र कुनै शक्ति राष्ट्रले अरू साना स्वाधीन र सार्वभौम देशमाथि हुने आक्रमण, हस्तक्षेप, दबाब, दमनविरूद्ध आवाज बुलन्द गर्ने काम हरेक प्रगतिशील साहित्यकार तथा देशभक्त नेताहरूको अन्तर्राष्ट्रिय कर्तव्य हो । जनताको मुक्ति र स्वतन्त्रताको निम्ति सङ्घर्ष गर्ने, सङ्घर्ष गर्न वातावरण तयार गर्ने काम देशभक्त नेता र प्रगतिशील साहित्यकारहरूको हो । सिद्धान्त र विचारलाई खेलाएर सत्ताकै वरपर तर मार्ने, जनताको भावना र विचारलाई केन्द्रबिन्दु नबनाउने, साहित्य साहित्यको निम्ति मात्र लेख्ने कवि, कथाकार, नाटककार, निबन्धकारहरूलाई पनि जनताले चिन्नुपर्छ । सत्ताको लागि मरिहत्ते हुने, शासकहरूको पछि दगुर्ने र तिनीहरूकै पक्षपोषण गर्ने नेता र साहित्यकारहरूलाई पनि जनताले चिन्नुपर्छ ।

सत्तालिप्सामा रमाउनेहरूले जनताका भावना बुझ्दैनन्, बुझेर साहित्य रचना गर्दैनन् । आ-आफ्नो दलगत र व्यक्तिगत स्वार्थको निम्ति विदेशी शक्ति राष्ट्रसँग असमान सन्धि सम्झौता गर्नेहरू, अरूको सहयोग र आसेपासेमा रहेर देश र जनता भुल्ने दास मानसिकता बोकेका व्यक्तिहरूसँग सतर्क हुनुपर्छ । शासकहरू देश र जनताप्रति जिम्मेवार नभई असमान सन्धि सम्झौता गरेकै कारण नेपाल साँगुरिँदै गएको हो । नेपाल सरकारको कमजोरीको फाइदा उठाएर भारतले नेपाली भूमि अतिक्रमण गरेको हो; सीमा मिचेको हो; एकतर्फी बाँध तथा तटबन्ध बनाएर नेपाली भूमि डुबानमा पार्ने र उठिवास गर्ने काम गरिरहेको हो ।

आफूलाई प्रजातान्त्रिक अभ्यासमा लामो अनुभव भएको अनुभवी र प्रजातन्त्रवादी भन्ने दल र मार्क्सवाद र लेनिनवादको भजन गाएर मार्क्स र लेनिनकै सिद्धान्त र विचारमा कुल्चेर कम्युनिस्टको नाउँमा कम्युनिस्टविरोधी चरित्र देखाउने, सिद्धान्त र विचारलाई भाँचकुँच गरी सत्ता स्वार्थमा पल्केका नेताहरूकै कारण ती दलहरूलाई कुनामा थन्काइएको हो । तर, विडम्बना ! पुराना सत्तारूढ दललाई कुनामा थन्काउन लागिपरेको नयाँ पुस्ताको प्रतिनिधित्व गर्ने दल झन् विदेशी शक्ति राष्ट्रहरूको गैरसरकारी संस्थामा आबद्ध भएर सरकारको नेतृत्व तहमा पुगेका नेता र मन्त्रीहरूको चर्तिकला हेर्दा कतै नेपालको अस्तित्वमाथि नै आघात पुग्ने त होइन भन्ने आशङ्का राजनीतिक विश्लेषकहरूले गर्न थालेका छन् । यो नेपाल र नेपाली जनताको निम्ति खतराको सङ्केत हो । राजनीतिलाई पद र पैसाको पर्याय ठान्ने दलका नेता र मन्त्रीहरू, राजनीतिप्रति चासो, चिन्ता र कुनै सुझबुझ नभएका नेताहरूको हातमा सरकारको नेतृत्त्व गएपछि उनीहरूले देशलाई कहाँ पुऱ्याउने हो भन्नेबारे नेपाली जनतामा चिन्ता हुनु अस्वाभाविक होइन । नेपाली धर्तीमा सहिदले बगाएको रगतमा होलि खेल्ने, रमाउने र सत्ता साझेदारी गरेर देशलाई बर्बादको खाडलमा जाक्ने, देशलाई विदेशी ऋणमा डुबाउने र डुबाउन लागिपरेका नयाँ शासकहरूलाई जनतामाझ साहित्यिक माध्यमबाट पनि छ्यास्नु जरूरी छ । नेपाली राजनीतिमा देखिएको नाङ्गो नाच, आपराधिक प्रवृत्ति, सतही राजनीतिले देशको मुहार फेर्न सक्दैन; उनीहरू मुहार फेर्न लागी पर्दैनन् । नेपालको माटोमा रगत र पसिना बगाएर नाना, छाना र दानाको निम्ति अघि बढ्ने प्रत्येक नेपालीको भावना बुझेर राज्यले कार्यनीति तयार गर्नुपर्छ ।

अहिले देशमा भय, सन्त्रास र अन्योल छ । विकासको गति पनि दिशाहीनझैँ बनेको छ । जनता निराश छन् । नयाँ सरकार गठन भए पनि मौलिक परिवर्तनको खासै जनताले अनुभूति गर्न पाएका छैनन् । नयाँ मूल्यको खोजी र सरकारको नेतृत्व परिवर्तनसँगै समयानुकूल परिवर्तनको पनि जनताले अनुभव गर्न पाएका छैनन् । देशमा मूलत: राजनीतिक व्यवस्थाको हिसाबले सामन्तवाद नभए पनि सामन्तवादको रगतले भिजेको पुँजीवादी व्यवस्था फाल्न देशका सच्चा कम्युनिस्ट, देशभक्त पार्टी र मार्क्सवादी साहित्यकारहरू लाग्नुपर्छ । यो वर्ष मनाइने गाईजात्रामा जनताका यस्ता स्वरहरू पाइने आशा जगाउनुपर्छ; त्यो चेत राजनीतिक, सामाजिक कार्यकर्ता तथा प्रगतिशील साहित्यकारहरूमा हुनुपर्छ ।

सन्धि-सम्झौताको नाउँमा कोसी, कर्णाली र टनकपुरको साथै महाकाली नदी देशका प्राकृतिक स्रोत र साधन भारत या भारतीय उद्योगपतिहरूको जिम्मामा सुम्पेर सुन्दर, धनी देश बनाउन कल्पेका दास मानसिकता बोकेका नेता र उनीहरूको पृष्ठपोषण गर्ने साहित्यकारहरू जनताका प्रिय हुँदैनन्; उनीहरू देश र जनताको हित चाहँदैनन् । देशको अस्मितामा आँच पुऱ्याउने, 'नयाँ' को नाममा 'नयाँ' पिँढीलाई नै भड्खालोमा पुऱ्याउने, अराजक गतिविधिमा टेवा पुऱ्याउने दलका नेता र मन्त्रीहरूको सोच र चिन्तनलाई पनि जनतामाझ उदाङ्ग्याउनु जरूरी छ । यो वर्षको गाईजात्रा यस्तै विषयमा केन्द्रित हुनुपर्ने सचेत नागरिकको अभिमत रहेको छ ।

शान्तिको नाउँमा अशान्तिको जाल फालेर समाजमा उपद्रव मच्चाउने, जनताका चाहनामा तुषारापात गर्ने, जनअपेक्षाविपरीत काम गर्ने पात्रहरूलाई पनि समाजले चिन्नुपर्छ र चिनाउनुपर्छ । आज मानवता अमानवीय प्रवृत्तिको पिँजडामा थुनिएको स्थितिमा छ । अत: समाजमा व्याप्त विकृति, विसङ्गति र बेथिति अन्त्य गर्नुपर्छ र शोषणरहित समाज या आदर्शोन्मुख समाज स्थापना गर्नेतर्फ अघि बढ्नुपर्छ; अघि बढ्ने वातावरण तयार गर्नुपर्छ । पानीजस्तै कञ्चन, गुलाबजस्तै सुन्दर र हिमालजस्तै निश्चल समाज स्थापना गर्न सके त्यसले समाजको निम्ति एउटा असल मार्ग कोर्नेछ । त्यो चिरकालको निम्ति एउटा सत्मार्ग देखाउने राम्रो गोरेटो हुनेछ । देशलाई माया गरेको स्वाङ रच्ने मानिस कहिले पनि देशभक्त हुनेछैन । देशलाई माया नगर्ने नेता, साहित्यकारबाट देशको विकास सम्भव छैन । अत: नेता, मन्त्री र साहित्यकारहरू स्वाधीन र सार्वभौम नेपाललाई उन्नतिको शिखरमा पुऱ्याएर संसारमा नाम चम्काउने काममा लाग्नुपर्छ ।

***बर्ड...***

यसरी नै केही महिनादेखि यहाँ बर्ड फ्लुको सङ्क्रमण बढेको थियो । यो सङ्क्रमणले हजारौँ हजार कुखुरामा असर परेको थियो । बर्ड फ्लुको कारण सयौँ हजारौँ कुखुरा व्यवसायीहरू मर्कामा परेका छन् । कति कुखुरा व्यवसायीहरू टाट पल्टेका छन् । कुखुरापालन गर्न लिएको ऋण तिर्न नसकेर घर खेत बेच्न बाध्य भएका छन् । बर्ड फ्लुका कारण पीडा या समस्यामा परेका कुखुरापालन व्यवसायीहरूलाई राज्यले पर्याप्त क्षतिपूर्ति दिनुपर्छ । क्षतिपूर्तिको रकम थोरै भएको कुखुरापालन व्यवसायीहरूको गुनासो छ । राज्यले पर्याप्त क्षतिपूर्ति नदिएको कारण कुखुरापालन व्यवसायीहरू पनि सरकारदेखि आक्रोशित छन् ।

हुरीबतासले मकैबाली ढलेर क्षति भएको छ । बाँदर र जङ्गली पशुहरूले मकै खाएर नास गर्छन् । बाढीको कारण डुबानमा परेर धान खेतीमा क्षति भएको छ । किसानहरू कहिले अनावृष्टि भएर समयमा धान रोप्न नपाउने, कहिले अतिवृष्टि भएर डुवानमा पर्ने त कहिले मलको कमी भएर बाली नसप्रिने आदि समस्याबाट आजित छन् । उखु कृषकहरू समयमा उखुको मूल्य पाउँदैनन् । कहिले चिनी कारखानाले उखु नै खरिद गर्दैन । यसरी किसान र साना व्यवसायीहरू मर्कामा परेका छन्; मर्कामा परेर उनीहरूको जीवन कष्टकर बनेको छ । कुनै पेसा या व्यवसायमा लागेका र मर्कामा परेका व्यवसायी र किसानहरूको पीडा सरकारले बुझ्नुपर्छ र पीडा बुझेर निदान गर्नेतर्फ लाग्नुपर्छ ।

***देशको...***

- प्रहरीले थुनेको थुन्यै, अदालतले रिहा गरेको गऱ्यैको अवस्थाले फौजदारी न्याय प्रणालीको धज्जी उडाइरहेको छ । पुँजीपतिवर्गले आफ्नो अनुकूल काम गर्ने राजनीतिक पार्टीहरूलाई निर्वाचनमा जिताएर सरकारको कुर्सीमा पुऱ्याउने गर्दछ । हिजो नेका, एमाले, माओवादी त्यसरी नै निर्वाचनमा स्थान प्राप्त गरी सरकारमा पुगेका थिए । अहिले रास्वपालाई त्यसरी नै निर्वाचन जिताएर सरकारमा पुऱ्याइएको हो । रास्वपाका रवि लामिछाने सहकारी ठगीसम्बन्धी सङ्गठित अपराधको मुद्दामा अदालतको आदेशमा रिहा भए । अहिले नेका, एमालेका नेता र केही उद्योगी-व्यापारी अदालतको आदेशमा रिहा भइरहेका छन् । पुँजीवादी सरकारको खराबी यस्तै हो ।
- बजारमा अत्यावश्यक वस्तुको स्पष्ट मूल्य निर्धारण र प्रभावकारी अनुगमनको अभावले दैनिक उपभोग्य वस्तुमा अचाक्ली महँगी बढ्यो । नेका, एमाले, माओवादी सरकारमा पनि यो अवस्था थियो । अहिले रास्वपाको सरकारमा पनि यही अवस्था दोहोरिँदै छ । यसले नयाँ भनिएको रास्वपा सरकार झूटो साबित भयो ।
- सरकारले परम्परागत पेसा वा चलनका नाममा हुने खुला पशुवध तथा परम्परागत मासु पसल सञ्चालनमा प्रतिबन्ध लगाउने निर्णय गरेको छ । पशुवधशाला र मासु जाँच ऐन, २०५५ बनेयताका नेका, एमाले, माओवादीका सरकारहरूले यस्तो निर्णय गरेका थिए । तर, ती कुनै पनि सरकार सफल भएनन् । यतिबेला रास्वपाको सरकार निर्माणको आधार नै गतिलो नभएको हुँदा यो निर्णय कार्यान्वयन हुनेमा विश्वास गर्न सकिने अवस्था छैन ।

**भक्तपुर नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**

**सामुदायिक कुकुर तथा बिरालो बन्ध्याकरण तथा रेबिज खोपसम्बन्धी सूचना**

**(प्रथम पटक प्रकाशित : २०८३/०४/२२ गते)**

आ.व. २०८३/८४ को लागि भक्तपुर नगरपालिका क्षेत्रभित्रका सामुदायिक कुकुर तथा बिरालोहरूलाई बन्ध्याकरण तथा रेबिज खोप कार्यक्रम सञ्चालन गर्न नेपाल सरकारबाट मान्यता प्राप्त सम्बन्धित कार्यमा इजाजतपत्र प्राप्त भएका रजिस्टर फर्म कम्पनी तथा संस्थाहरूलाई यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र भक्तपुर नगरपालिका, नगर कार्यपालिकाको कार्यालयबाट सिलबन्दी दरभाउपत्र खरिद गरी दररेट पेस गर्नुहुन सम्बन्धित सबैको लागि यो सूचना प्रकाशित गरिएको छ ।


**सिद्धि गणेश कर्नर** हरेक मङ्गलबार र शुक्रबार संस्थासम्बन्धी जानकारीका लागि पढ्ने गरौँ ।




- विद्युत्/टि.भी./मोबाइल रिचार्ज/इन्टरनेट/टेलिफोनलगायतका महसुलको मोबाइल भुक्तानी सेवा ।
- सदस्यहरूबिच हरेक पटक रु.१,००,०००।-का दरले दैनिक ३ पटकसम्म रकमान्तरको सुविधा ।
- रु.१,०००।- देखिको कारोबारमा **SMS** सुविधा ।
- **E–Sewa** र **Khalti Digital wallet** बाट सहकारीको खातामा रकम जम्मा गर्न सकिने ।
- घरमै बसी **Fund Transfer** मार्फत आफ्नो परिवारको नियमित/बाल/स्वास्थ्य/समृद्धि बचत खातामा रकम बचत गर्न सकिने ।
- आफ्नो खातामा रहेको रकम मौज्दात र सोको संक्षिप्त विवरण प्राप्त गर्न सकिने ।
- **E-Sewa, Khalti Digital Wallet** तथा **Fone Pay App** को सुविधा ।
- **Finger Print Login** को सुविधा ।
- **Inter Bank Transfer** बाट आफ्नो **ऐच्छिक खाता**मा रहेको रकम बैङ्क खातामा रकमान्तरण गर्न सकिने ।

SMART QR
ACTIVATE NOW

**मुख्य फाइदा**
**सजिलै आफ्नो बैङ्क खातामा रहेको रकम सिद्धि गणेश ऐच्छिक खातामा रकमान्तरण गर्नुहोस्**




संस्थाको **Siddhi Ganesh Smart Banking App** मा **Smart QR** सुविधा सञ्चालनमा आएको हुँदा उक्त सेवा प्रयोग गर्न इच्छुक सदस्यहरूले आफ्नो **Smart Banking App** मा KYC Update का साथै आवश्यक प्रक्रिया पूरा गरी **Smart QR** सक्रिय गर्नुहुन सूचित गराइन्छ ।

'सर्वोत्कृष्ट वित्तीय समाधानका लागि सिद्धि गणेश'
**सिद्धि गणेश बचत तथा ऋण सहकारी संस्था लि.**
भ.न.पा-७,चोर्चा, भक्तपुर, फोन: ६६१३२०१, ६६२१२०१, सेवा केन्द्र(यातुगणेश-६६१९५४०, तेखापुखु-६६२१२००), स्वास्थ्य क्लिनिक ६६२१२०५
Website : www.sgsaccos.com.np, E-mail : sgsaccos@hotmail.com
ACCESS BRONZE
ASSOCIATION OF ASIAN CONFEDERATION OF CREDIT UNIONS

**हार्दिक समवेदना**



जन्म
१९९६/०६/१५

स्वर्गारोहण
२०८३/०४/१५

**मोहनमाया लासिवा**

भक्तपुर नगरपालिका पर्यटक सेवा तथा सूचना केन्द्रका प्रमुख तथा नेपाल नगरपालिका कर्मचारी एशोसियसन, भ.न.पा एकाइ समितिका अध्यक्ष गौतमप्रसाद लासिवाकी ममतामयी माता **मोहनमाया लासिवा**को असामयिक निधन भएकोमा दिवङ्गत आत्माप्रति भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौं ।

**भक्तपुर नगरपालिका**
नगर कार्यपालिकाको कार्यालय

**भू-संरक्षणमा ध्यान दिऔं**

- भू-क्षय र पहिरो नियन्त्रणमा योगदान दिऔं,
- भिरालो जमिनमा खेती गर्दा गरा बनाई गरौं,
- भूक्षय रोक्ने रुख, घाँस (अम्रिसो, बाँस) जस्ता बोटबिरुवा रोपौं,
- बिना अनुमति गिट्टि, बालुवा, माटो, ढुङ्गा उत्खनन नगरौं,
- भू-बनोट र वातावरणीय अध्ययन गरेर मात्र सडक पूर्वाधार निर्माण गरौं,
- वन, जलस्रोत र प्राकृतिक सम्पदाको संरक्षण गरौं,
- भू-संरक्षणमा समुदायको सहभागिता बढाऔं।

भू-रक्षा: जीवनको सुरक्षा

नेपाल सरकार
विज्ञापन बोर्ड

प्रकाशक तथा कार्यकारी सम्पादक: उद्धव सुजखु★सम्पादक: चक्रबहादुर चाकतु★कार्यालय: कमलविनायक, भक्तपुर, फोन नं. ६६१०९२१, फ्याक्स: ६६१३२०७, E-mail: majdurdaily@gmail.com ★ विज्ञापन शाखा: ६६१९१०७/६६२०५५९, E-mail: majdurdailybigyapan@gmail.com ★ मुद्रक: सिद्धिगणेश अफसेट प्रेस, चोर्चा